**सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**
- गर्मी मौसममा मलेरिया, कालाजार, डेङ्गु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।

त्यसैले,
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार १० गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 24 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९२

## पटेर्वासुगौलीको बजेट ४९ करोड, पर्सागढीको स्थगित

प्रस, सेढवा, ९ असार/

पटेर्वासुगौली गाउँपालिकाले



तस्वीरः सौजन्य

आइतवार १३औं गाउँसभाबाट आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ । वडा नं ४ स्थित गुदरबाबा मन्दिर परिसरमा आयोजित कार्यक्रममा गापा उपाध्यक्ष ममता महतोले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेकी हुन् ।

उपाध्यक्ष महतोले आगामी वर्षको लागि अनुमानित ४९ करोड ११ लाख बजेट सार्वजनिक गरेकी हुन् । जसमा सङ्घीय तथा प्रदेश सरकारको वित्तीय समानीकरण अनुदानबाट १० करोड १२ लाख १५ हजार, सशर्त अनुदान अन्तर्गत १८ करोड आठ लाख विनियोजन गरिएको छ ।

त्यस्तै, विशेष अनुदानतर्फ राजस्व बाँडफाँटबाट नौ करोड ६६ लाख ५० हजार र आन्तरिक आयबाट दुई करोड १५ लाख अनुमानित आय प्रक्षेपण गरेको छ । सामाजिक सुरक्षा भत्तातर्फ नौ करोड गरी ४९ करोड ११ लाखको बजेट विनियोजन गरिएको छ ।

आगामी आवमा गापाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने, आँखा अस्पताल निर्माणलगायत ठूला योजनाहरूमा लगानी गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । यसका साथै शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन विकास, भौतिक निर्माण तथा स्थानीय कला संस्कृतिको विकास एवं संरक्षण गर्ने योजनाहरूमा विशेष जोड दिइएको छ ।

कार्यक्रममा दुग्ध उत्पादन किसान, तरकारी उत्पादक किसान, अन्न उत्पादक किसान तथा विभिन्न तहका उत्कृष्ट छात्रछात्रालाई सम्मान तथा प्रशंसापत्र वितरण गरिएको थियो ।

गापा अध्यक्ष दिनेशकुमार चौधरीको अध्यक्षता एवं समाजसेवी तथा बुद्धिजीवी परमेश्वर गौरोको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

*बलिराम शुक्ला, बिरुवागुठी/*

पर्सागढी नगरपालिकाको ११औं नगरसभाको आइतवारको दोस्रो बैठक पनि स्थगित भएको छ ।

सातजना वडाध्यक्षलगायत केही सदस्यहरूको विरोधका कारण गणपूरक सङ्ख्या नपुगेपछि आजको दोस्रो बैठक पनि स्थगित भएको हो । बैठकमा २२ जना नगरसभा सदस्यहरूले उपस्थिति पुस्तिकामा हस्ताक्षर गरे पनि बहुमत नपुगेको बताइएको छ ।

यता सातजना वडाध्यक्षले केही वडा सदस्यहरूलाई शनिवार बेलुकीदेखि नै पालिकाबाहिर क्याम्पिङ गरेर राखेर आजको बैठकमा समेत उपस्थिति हुन नदिएका कारण ११औं नगरसभालाई केही वडाध्यक्षहरूले अनिर्णयको बन्धक बनाउन खोजेपछि आजको बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेको अवस्थामा पालिकाको नीति तथा कार्यक्रम र बजेट पेश गर्न नसकिएको नगरप्रमुख गोकर्ण पाठकले बताए । तेस्रो बैठक असार १० गते सोमवार हुने बताइएको छ ।

यता वडाध्यक्षहरू सुकमान तामाङ, शेख खुर्सेद, चुन्नु मिश्र, नवलकिशोरप्रसाद गुप्ता, शङ्कर रायभर, रामबढाईप्रसाद यादव, सुन्दरीदेवी थरुनीले लिखित निर्णय गर्दै आफ्नो माग पूरा नभएसम्म नगरसभा बहिष्कार गर्ने निर्णय गरेका छन् ।

## फार्मिङले घाँस नकिनेपछि किसानहरू मर्कामा

ओमप्रकाश चौधरी, सेढवा, ९ असार/

ठोरी गाउँपालिका–४ का



तस्वीरः सौजन्य

किसानहरूले दाना (घाँस)का लागि उत्पादन गरेका मकैबाली कम्पनीले खरीद नगरेको गुनासो गरेका छन् । किसानहरूले करीब दुई सय बिघा क्षेत्रफलमा मकैखेती गरे पनि सोही स्थानमा सञ्चालित कलश क्याटल फार्मिङ प्रालिले खरीद नगरेको किसानहरूले बताए ।

सो फार्मिङले कतिपय स्थानीय किसानहरूलाई मकैको घाँस उत्पादनका लागि पेश्की रकमसमेत उपलब्ध गराएको स्थानीय हरिप्रसाद चौलागाईंले बताए । कम्पनीले मकैको घाँस खरीद गर्न अस्वीकार गरेपछि किसानहरू अलमलमा परेका छन् । सो फार्मिङले दूध उत्पादनको लागि ठूलो सङ्ख्यामा गाईभैंसी पालेको छ । तिनै वस्तुभावको दानाका लागि किसानहरूलाई मकैको घाँस उत्पादन गर्न लगाइएको थियो । कम्पनीले किसानको खेतबाटै मकैको बोट कटानी गरी रु चार प्रतिकिलोको दरमा खरीद गर्ने गरेको किसानहरूले बताए ।

ठोरी गापा–५ सुवर्णपुरका किसान कल्याण बस्नेतले मकैबालीलाई खाद्यान्नको रूपमा खेती गरेको भए राम्रो आम्दानी हुने बताए । तर घाँसको रूपमा गरेको मकैलाई फलाउँदा किसानलाई आधा मात्र आम्दानी हुने उनले बताए । घाँसको लागि रोपिएको मकै एकदमै नजीकमा रोप्दा बाला ससाना भएकाले मकै उत्पादनमा ५० प्रतिशतले कमी आएको अर्का किसान गर्भे तामाङले बताए । ससाना बालालाई केलाउन, दाना निकाल्न र सुकाउन निकै समस्या भएको उनले बताए । असारको दोस्रो सातामा पानी पर्ने सम्भावना बढी भएकोले मकै सुकाउन समस्या हुने तामाङले बताए । एकदमै सुकेको मकैको मूल्य अहिले दुई हजार आठ सयदेखि तीन हजार रुपियाँ प्रतिक्वीन्टल छ ।

यस सम्बन्धमा सुवर्णपुरस्थित कलश क्याटल फार्मिङ प्रालिका सञ्चालक श्यामबदन यादवले मकैको घाँस नकिनेको स्वीकार गरे । कम्पनीमा व्यवस्थापकीय पक्ष निकै कमजोर भएकोले खरीद गर्न नसकेको बताए । किसानबाट घाँस उधारोमा खरीद गर्न सकिने भएपनि भुक्तानीमा ढिलाइ हुने परिस्थिति सिर्जना भएकोले मकै फलाउनु नै उत्तम रहेको यादवले बताए । कम्पनीको व्यवस्थापन पक्षको जिम्मेवारी अरूलाई साझेदारीमा दिएकोले समस्या निम्तिएको यादवले बताए ।

## जीराभवानी गापाको बजेट ४५ करोड ८० लाख

प्रस, सेढवा, ९ असार/

जीराभवानी गाउँपालिकाले आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम




तस्वीरः प्रतीक

र बजेट सार्वजनिक गरेको छ । गापा कार्यालयमा आयोजित कार्यक्रममा आइतवार उपाध्यक्ष रेखा चौधरीले आगामी आवको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेकी थिइन् । उनले जीराभवानी गापाले शिक्षा, कृषि, स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको बताइन् । गुणस्तरीय शिक्षाका लागि कतिपय नयाँ कार्यक्रम थप गरिने योजना रहेको उनले बताइन् । पालिकामा विद्यालयबाहिर रहेका सबै जातजाति, धर्म तथा समुदायका बालबालिकाहरूलाई शिक्षामा अनिवार्य पहुँच गराउने नीति रहेको प्रस्टयाइन् । उनले विद्यार्थीहरूको अनुपातमा शिक्षक दरबन्दी मिलान गरी गुणस्तरीय शिक्षा प्रदान गरिने गापाको नीति रहेको बताइन् ।

उनले आगामी आवमा किसानहरूलाई विभिन्न किसिमका खेती गर्न सहज हुने गरी नीति तथा कार्यक्रममा योजनाहरू समावेश गरिएको बताइन् । बढ्दो खडेरीका कारण किसानहरूले सिंचाइका लागि दमकल प्रयोग गर्दा बढी खर्च भएकोले गापाले विद्युतीय सिंचाइलाई प्राथमिकता दिने बताइन् । उनले आगामी आवमा गापाले सिंचाइ व्यवस्थाको लागि नदी, खोलामा साना सिंचाइ आयोजना सञ्चालन गर्ने बताइन् । उनले गापामा सुकिरहेका पानीको मुहानको संरक्षण र संवर्द्धनका लागि पनि काम गरिने बताइन् । उन्नत पशुपालनका साथै पशु र बाली बीमा कार्यक्रम ल्याउने र गोठ तथा भकारी सुधार कार्यक्रम सञ्चालन गरिने उपाध्यक्ष चौधरीले बताइन् । उनले आगामी आवमा पालिकाका पाँचवटै वडामा कृषि सडक निर्माण गरिने नीति रहेको जानकारी गराइन् ।

गापाका बिरामीहरूलाई सस्तो दरमा एम्बुलेन्स सेवा र सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको र यसलाई आगामी आवमा पनि निरन्तरता दिइने बताइन् । यसका साथै आगामी आवमा पनि चालू आव सरह रक्तसञ्चार केन्द्रबाट गापावासीलाई आवश्यक रगत निशुल्क उपलब्ध गराइने बताइन् । उनले गापाको पर्यटन विकासका लागि जीराभवानी, लाटोमाई, सुगीभार मन्दिरलाई थप विकास गर्ने कार्यक्रम रहेको बताइन् । यसका साथै आगामी आवमा भ्यूटावर निर्माण गरिने जानकारी गराइन् । गापाका विभिन्न वडाहरूमा सडक विस्तार गर्दै ३० फिटको सडक बनाउने, सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरिने र विपत् व्यवस्थापनमा पनि पूर्वतयारीका साथ गम्भीरतापूर्वक लागिपर्ने बताइन् । उनले आगामी आवका लागि अनुमानित ४५ करोड ८० लाखको बजेट विनियोजन गरिएको बताइन् । गापाध्यक्ष अनोज चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, शिक्षा अधिकृत शिवराज फुयाँल, कृषि प्रमुख जीतेन्द्र मिश्रलगायतको सहभागिता थियो ।

## सञ्चारगृहबाट पनि प्रेस स्वतन्त्रता हनन भइरहेको छ –अर्याल

प्रस, वीरगंज, ९ असार/

नेकपा (एकीकृत समाजवादी)का




तस्वीरः सौजन्य

प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले प्रेस स्वतन्त्रतालाई राज्यले मात्र होइन सञ्चारगृहले पनि हनन गरिरहेको बताएका छन् ।

समाजवादी प्रेस सङ्गठन पर्साले आइतवार आयोजना गरेको 'समाजवाद र प्रेस स्वतन्त्रता' विषयक अन्तर्क्रिया कार्यक्रममा उपप्रमुख अर्यालले सञ्चारगृह र त्यसका मालिकहरूले आफ्नो इच्छा र चाहना अनुसार समाचार सम्प्रेषण गर्नाले पनि प्रेस स्वतन्त्रता हनन भइरहेको बताए ।

नेकपा (एस)का स्कूल विभाग सचिव अशेष घिमिरेले सुशासनको बारेमा पत्रकारले कलम चलाउनुपर्ने बताए । उनले सुशासन अहिले पूँजीवादको चेपुवामा परेको भन्दै सर्वत्र पूँजीपतिको वर्चस्व बढेको बताए । उनले पूँजीवादको अन्त्य नभएसम्म देश समृद्ध नहुने बताए । प्रचार विभागका सचिव प्रकाश खतिवडाले संविधानले देशलाई समाजवाद उन्मुख गरे पनि कुनै पनि राजनीतिक दलले समाजवादलाई अङ्गीकार नगरेको बताए । उनले नेकपा (एस)ले नै नेपाली विशेषताको समाजवाद अगाडि सारेको दाबी गरे । उनले यही असार १६ देखि २० गतेसम्म काठमाडौंमा हुने महाधिवेशनले त्यसलाई पारित गर्ने बताए ।

समाजवादी प्रेस सङ्गठन पर्साका अध्यक्ष शम्भुकुमार सुमनको अध्यक्षतामा भएको अन्तर्क्रियामा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा, नेकपा (एस) पर्साका कावा अध्यक्ष गङ्गा खड्का, वीरगंज महानगर अध्यक्ष मनोज चौधरी, केन्द्रीय सदस्य बृजलाल पासवान, रेवेन्द्र कार्की, प्रेस सेन्टरका केन्द्रीय सदस्य नीरज पिठाकोठे मगर, प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहान, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी, प्रेस सेन्टर पर्साका अध्यक्ष दीपक गौतमले मन्तव्य राखेका थिए ।

## किसानहरूले असारको पहिलो दिन मनाए

प्रस, सिम्रौनगढ, ९ असार/

मधेसका किसानहरूले आइतवार तिथि अनुसार असारको पहिलो दिन मनाएका छन् । किसानहरूले आजका दिन जङ्गली तरकारी बगनाहा अनिवार्य पकाएर खान्छन् । बगनाहाका अतिरिक्त किसानहरूले विभिन्न परिकार बनाएर खाए । उनीहरूले आजको दिनलाई विशेष दिनका रूपमा लिने हुँदा घरआँगन सफासुग्घर गर्ने, नयाँ पोशाक लगाउने गर्छन् ।

यसैगरी, आजकै दिन पशुहरूको लागि किला (खुट्टी) बाँध्ने काम पनि गरिन्छ । यसका अतिरिक्त घरको द्वार मा नीमको पात, गम्हार रूखको काठ र लसुन, प्याज पनि झुन्डयाउने गरिन्छ । सिम्रौनगढ नपा–२ अमृतगंजका वृद्ध किसान जलधारी मुखिया बिनले आजको दिन मधेस प्रदेशका किसानहरूका लागि विशेष दिन भएको बताए ।

उनले कृषि कर्म गर्ने किसानहरू आजको दिन घरबाहिर नजाने गरेको



बताए । अत्यावश्यक कामबाहेक आजको दिनमा सबै किसान घरमा बसेर पर्व धूमधामका साथ मनाउने गरेको उनले बताए ।

**विचारसार र सूक्तिहरू**

**जो आफ्नो क्षमतामा विश्वास राख्छन् तिनीहरू नै लक्ष्यसम्म पुग्न सक्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# केवल स्वार्थका कुरा

**स्थानीय पालिकाहरू अहिले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने क्रममा छन। नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने क्रममा पर्सा र बाराका केही पालिकाहरू सफल भएका छन् भने केही असफल। असार १० गतेसम्म नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने समयसीमा छ। यद्यपि कतिपय पालिकाहरूले गत वर्ष नीति तथा कार्यक्रम र बजेट समयसीमा सकिएको महीनौंसम्म पनि प्रस्तुत गर्न सकेका थिएनन्। नीति तथा कार्यक्रम र बजेट समयमा प्रस्तुत गर्न नसक्नुको कारणमध्ये प्रमुख कारण भागबन्डा नै रहेको छ। सङ्घ र प्रदेश सरकारको हावा स्थानीय पालिकामा पनि नराम्ररी परेको छ। जस्तो ठूलाबडाले गर्छन्, त्यस्तै सानाले सिको उतार्छन्। अहिले पालिकाहरूमा यही भइरहेको छ। सङ्घ सरकारमा सबै कुरा भागबन्डाका आधारमा चलिरहेकाले त्यसैको सिको प्रदेश सरकारले र प्रदेशको सिको स्थानीय तह अन्तर्गतका पालिकाहरूले पनि गरिरहेका छन्। नगरपालिका र गाउँ कार्यपालिकाका सदस्यहरूको लागि आफ्ना मागहरू पूरा गर्ने सरल माध्यम नगरसभा र गाउँसभा भएको छ। यसअघि नीति तथा कार्यक्रममा जेजस्ता कुराहरू ल्याउने भनेपनि सोविपरीत बजेट बनाउने क्रममा नगर/गाउँ कार्यपालिका सदस्यहरूले आआफ्ना मागहरू बजेटमा समावेश हुनुपर्ने अनिमात्र उपस्थिति हाजिर गर्ने अडान लिएका छन्।**

**शुरूशुरूमा नगर र गाउँ सभा हुँदा उपस्थितिमा हस्ताक्षर गराउने र त्यही उपस्थितिका आधारमा गणपूरक सङ्ख्या पुगेको दाबी गर्दै प्रमुखले निर्णयहरू आफूखुशी गर्दै आएका थिए। उपस्थितिमा हस्ताक्षर गराएर सोही उपस्थितिलाई आधार बनाइ निर्णय गर्ने परम्परा भने नयाँ होइन। यस्तो कार्य पञ्चायतकालदेखि नै चलिआएको छ। जुक्ति पुरानो भएपनि यसबारेमा सबै जानकार भने थिएनन्। त्यसैले कतिपय कार्यपालिका सदस्यहरू यस प्रकारका गतिविधिका विरोधमा अदालत पनि गएका थिए। तर अदालतबाट उपस्थितिलाई नै सदर हुनेगरी आदेश जारी भएपछि यसबारेमा चनाखो भएका कार्यपालिका सदस्यहरू अहिले उद्घाटन सत्र सञ्चालन हुन दिने र बन्दसत्र सञ्चालनका लागि गणपूरक सङ्ख्या माग गरिरहेका छन्। गणपूरक सङ्ख्या नपुग्दा असार ८ गते बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा स्थगित भयो। पर्सामा पर्सागढी नपाको नगरसभा पनि असार ८ र ९ गते लगातार स्थगित भएको छ।**

**जुन पालिकाहरूले सभा सम्पन्न गरेका छन्, उनीहरूले कार्यपालिका सदस्यहरूको माग पूरा गरेका र जसले गर्न सकेका छैनन्, उनीहरूको माग पूरा नभएको बुझ्नका लागि सजिलो सूचक भएको छ अहिले। पालिकाहरूमा गत वर्ष कुन कुन कार्यहरू गर्ने घोषणा भएको थियो, सोअनुरूपका कामहरू भए भएनन्? तोकिएका कामहरू गुणस्तरीय भए भएनन्। किसानहरूले सेवासुविधा पाए कि पाएनन्। पालिकाहरूले शिक्षा, स्वास्थ्य, कृषिलाई प्राथमिकता दिने गरी नीति तथा कार्यक्रमहरू घोषणा गरेका र सोही अनुसारको बजेट विनियोजन गरिएकोमा तोकिएको मापदण्ड अनुसार तोकिएका ठाउँमा काम भयो कि भएन भन्ने खोजीनीति कुनै पनि पालिका सदस्यहरूले गरेको सुनिएकै छैन। २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरू आफ्ना सेवासुविधाहरूको लागि लडेका थिए भने अहिले वडाहरूमा बजेट बढाउनका लागि लडिरहेका पाइएको छ। आफ्नो स्वार्थभन्दा माथि उठेर विकासको लागि कहिले लड्ने हुन् कुन्नी!**

# के आउँदो हजार वर्षसम्म मानिस बाँच्न सक्छ ?

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**अक्सीजन दिने र कार्बन डाइअक्साइड लिनुको साथै रूखबिरुवाले पर्यावरणबाट अन्य हानिकारक ग्याँस पनि अवशोषित गर्छन् जसले गर्दा हावा शुद्ध र ताजा बन्छ। रूखबिरुवा जति हरियो हुन्छ, त्यत्तिकै बढी अक्सीजन उत्पादन र विषाक्त ग्याँसको समाप्ति हुन्छ।**

ब्रह्माण्ड रहस्य एवं जटिल संरचनाले भरिएको छ। विज्ञान यस्ता रहस्य खोज्न निरन्तर प्रयत्नशील रहेको छ। जबसम्म रहस्योद्घाटन हुँदैन, तबसम्म यो एउटा परिकल्पना मात्र हो। जुन दिन यो उजागर हुन्छ त्यस दिन यो वास्तविकतामा परिणत हुन्छ। यसरी के भन्न सकिन्छ भने परिकल्पना र वास्तविकताबीच बढी अन्तर छैन किनभने हेर्दाहेर्दै परिकल्पना वास्तविकतामा परिणत भइरहेको पाइन्छ।

धेरै पहिले मानिसको मानसपटलमा पृथ्वीमा मानिसको उत्पत्तिलाई लिएर के प्रश्न उठ्ने गर्दथ्यो भने पृथ्वीमा मानिसको उत्पत्ति कसरी भयो होला? यस सम्बन्धमा अनुसन्धान गरेर वैज्ञानिकहरूले आआफ्नो तर्क प्रस्तुत गरेका थिए। यस्तै एउटा गम्भीर प्रश्न वर्तमानमा पनि मानिस सामु उभिएको छ। त्यो के हो भने के मानिस आउँदो एक हजार वर्षसम्म बाँच्न सक्छ? आज यदि यो प्रश्न हाम्रो मस्तिष्कमा घुमिरहेको छ भने यो प्रश्न हाम्रो मस्तिष्कमा कहाँबाट आएको होला? यस प्रश्न पछाडिको वास्तविकता के हो भने यस प्रश्नलाई जन्माउन हामी नै जिम्मेवार छौं।

"पृथ्वीमा हाम्रा आवश्यकता पूरा गर्ने पर्याप्त संसाधन छ तर हाम्रो लोभ पूरा गर्न सक्ने जिनिस छैन।" महात्मा गाँधीको यस कथनले मानिसद्वारा उपभोक्तावादी समाजको माग पूरा गर्नको लागि भइरहेको प्रकृतिको दोहनतर्फ सङ्केत गरिरहेको छ। जुन बेला पृथ्वीको निर्माण भयो, त्यस बेला यहाँ बसोवास गर्ने प्रशस्त ठाउँ थियो। बिस्तारै मानव सभ्यताको जन्म भयो। त्यस बेला प्रकृतिले मानिसलाई धेरै कुरो दियो तर आफ्नो स्वार्थ पूर्तिको लहडमा मानिसले प्रकृतिको यसरी दोहन गर्न थाल्यो कि आज स्वयं मानिसलाई अस्तित्व जोगाउन गाह्रो हुन थालेको छ। वर्तमानको गम्भीर सङ्कट पनि यही नै हो।

वर्तमानमा जुन पर्यावरणीय क्षति भइरहेको छ त्यसको एकमात्र कारण हाम्रो मानसिकता हो। हामी के सोच्छौं भने म बाँचिरहूँ, मेरो सुख समृद्धि बढिर होस् र बढीभन्दा बढी सुख-सुविधा उपभोग गर्न सकूँ। निरन्तर बढिरहेको पर्यावरणीय प्रदूषण, जलवायु परिवर्तन, जलस्रोतको कमी, प्राकृतिक संसाधन तथा जैविक विविधतामा कमीले आज हामी सबैलाई तनावग्रस्त बनाएको छ। यदि समय छँदै हामी सचेत भएनौं भने वा यसलाई जोगाउने उपाय खोजेनौं भने मानिसको अस्तित्व समाप्त हुनबाट कसैले पनि बचाउन सक्दैन।

हामी सबैलाई के कुरा थाहा छ भने "प्रकृतिको कोप सबैखाले कोपभन्दा बढी भयानक हुन्छ।" मानिसले आफ्नो आर्थिक विकासका लागि पर्यावरणलाई कति हद सम्म बिगारेको छ भने अब प्रकृतिको सहन सक्ने सीमा पार भइसकेको छ। एक तथ्याङ्कले के देखाएको छ भने पछिल्लो दुई दशकमा विश्वभरि हुने प्राकृतिक आपदामा चारगुना वृद्धि भएको छ। अर्थात् मानिसको अस्तित्वमाथि प्रकृतिको कहर कुनै पनि बेला बर्सन तयार भएर बसेको छ। यदि समयमैं हामीले प्रकृतिको यस चेतावनीलाई बुझ्न सकेनौं भने आफ्नो अस्तित्वमाथि आउने सङ्कट पनि रोक्न सक्दैनौं।

आज सम्पूर्ण विश्व पर्यावरणीय असन्तुलनको कारण कैयन समस्यासँग जुझिरहेको छ। स्वार्थी मानिसहरू प्रकृतिको दोहन गर्न लागिपरेका छन्। सँगसँगै उसको आचरण पनि प्रकृति विरोधी भइसकेको छ। जुन धर्तीलाई हामी माता भनेर सम्बोधन गर्छौं त्यसै धर्तीको छाती स्वार्थले अन्धो भएर छियाछिया पारिरहेका छौं। यस सन्दर्भमा मलाई भारतीय कवयित्री महादेवी वर्माको चार पङ्क्तिको सम्झना भइरहेको छ– "कर दिया मधु और सौरभ दान सारा एक दिन/किन्तु रोता कौन है तेरे लिए दानी सुमन/मत व्यथित हो फूल, किसको सुख दिया संसार ने/स्वार्थमय सबको बनाया है यहाँ करतार ने।" यी पङ्क्तिहरूको माध्यमले कवियित्रीले प्रकृति र मानिसको अस्तित्वबीच एउटा जीवन्त चित्र कोरेकी छिन्।

इतिहास के भन्छ भने मानिसले दुईवटा विश्वयुद्ध लडेको छ र यसमा जानमालको अकल्पनीय क्षति भएको थियो। वैज्ञानिक, भौतिकविद् र इतिहासकारहरूले के भविष्यवाणी गरेका थिए भने यदि तेस्रो विश्वयुद्ध भयो भने त्यो 'पानी'को लागि हुन्छ। अर्थात् पानी बेगर मानिसको अस्तित्व एक शताब्दीको त कुरै नगरौं, एक दिन पनि दुष्कर छ। आज स्थिति के छ भने विश्वको आधी भन्दा बढी जनसङ्ख्या स्वच्छ पेयजलको लागि काकाकूल बनिरहेको छ। नेपाल पनि यसबाट अछूतो छैन। वीरगंजकै कतिपय वडामा खानेपानीको समस्या रहेको छ। हिजोआज हामीहरू जीवनदायिनी नदीहरूको पानी प्रदूषित पारिरहेका छौं। उदाहरणका लागि वीरगंजस्थित सिर्सिया नदीलाई लिन सक्छौं, जो आफ्नो अस्तित्वका लागि छटपटिइरहेको छ।

एउटा तीतो यथार्थ के हो भने यदि 'पानी' हुँदैन भने मानिससहित पृथ्वीमा पाइने समस्त जीवजन्तुहरूको अस्तित्व लोप हुन्छ। विडम्बना के हो भने मानिसले पानीजस्तो अपरिहार्य सम्पदाको यसरी दुरुपयोग गरेको छ जसले भूमिगत जलको स्तर एउटा खतरनाक स्थितिसम्म पुगिसकेको छ। तर ध्यान दिनुपर्ने कुरा के हो भने यदि समस्या छ भने त्यसको समाधान पनि अवश्य छ। खाँचो समय छँदै समाधान खोज्नु हो। यदि यसो गरिएन भने गम्भीर दुष्परिणाम भोग्न तयार हुनुपर्छ। पानी जोगाउनको लागि विभिन्न सङ्घसंस्था, युवा र शहरी तथा ग्रामीण जनसङ्ख्यामा चेतना फैलाई जागरुक बनाउन सकिन्छ। यसरी विश्वलाई एउटा सकारात्मक सन्देश दिन सकिन्छ। पानीको समस्यामा एकजना शायरले के लेखेका छन् भने–"सारे जन की प्यास बुझाना इतना आसां काम नहीं/बादल को भी भाव में ढलकर पानी बनना है।"

त्यसैगरी एउटा प्रसिद्ध उखान के रहेको छ भने "कल्पना गर्नुहोस् यदि रूखले वाइफाई दिन्थे भने हामी कति रूख लगाउँथ्यौं र शायद हामी आफ्नो ग्रहलाई बचाउने प्रयास गर्थ्यौं।"तर दुःखको कुरो के हो भने अक्सीजन दिने रूखबिरुवालाई हामी स्वयं दोहन गरिरहेका छौं। विडम्बना के हो भने हामी प्रद्यौगिकीको अभ्यस्त भइसकेका कारण पर्यावरणमा हुने हानिकारक प्रभाव नदेखेको जस्तो गरिरहेका छौं। प्रद्यौगिकीको प्रयोगले प्रकृति त नष्ट हुन्छ नै, यसले हामीलाई प्रकृतिबाट अलग्याइ पनि दिन्छ।

यदि वास्तवमा हामी बाँच्न चाहन्छौं र राम्रो जीवनयापन गर्न चाहन्छौं भने बढीभन्दा बढी वृक्षारोपण गर्नुपर्छ। अक्सीजन दिने र कार्बन डाइअक्साइड लिनुको साथै रूखबिरुवाले पर्यावरणबाट अन्य हानिकारक ग्याँस पनि अवशोषित गर्छन् जसले गर्दा हावा शुद्ध र ताजा बन्छ। रूखबिरुवा जति हरियो हुन्छ, त्यत्तिकै बढी अक्सीजन उत्पादन र विषाक्त ग्याँसको समाप्ति हुन्छ। बढ्दो प्रदूषणसँग छुटकारा पाउने सबैभन्दा ठूलो उपाय पनि वृक्षारोपण नै हो।

वर्तमानका कैयन घटनाहरूले विश्व समुदायलाई प्रभावित पारिरहेको छ। यी घटनाहरूले विश्वबाट शान्ति विस्थापित गर्ने काम गरिरहेका छन् भने आफ्नै अस्तित्वमाथि पनि प्रश्नचिह्न खडा गरिरहेका छन्। त्यहीं अर्कोतिर सम्पूर्ण विश्वमा शस्त्रको होडबाजी चलेको छ। परमाणु बमको हमलाको आशङ्का बढेको छ। बलिया देशद्वारा कमजोर देशको आन्तरिक मामिलामा हस्तक्षेप बढिरहेको छ। त्यहीं क्षेत्रीय विवादले मानव अस्तित्वको परिकल्पना खण्डित गरेको छ जसबाट विश्वमा असन्तुलनको स्थिति सिर्जना भएको छ।

निष्कर्षतः हामी के पाउँछौं भने यी तमाम चुनौती र विवादका बीच पनि मानव अस्तित्व आफूलाई जोगाउन धेरै हदसम्म सफल हुन सक्छ। विश्वविख्यात फ्रान्सेली लेखक विक्टर ह्युगोले भनेका थिए–"जुन कुरोमाथि विचार गर्ने समय आइसकेको छ, त्यसलाई कसैले पनि पाखा लगाउन सक्दैन।" अर्थात् मानिसले आफ्नो अस्तित्व जोगाउन एकसाथ सम्पूर्ण विश्वलाई मालाको रूपमा गाँसेर विश्वशान्तिको सन्देशसहित भाइचारा, आपसी सौहार्द, न्यायोचित वितरण, प्रकृतिसँग लगाव, मानवप्रति प्रेम आदि मापदण्ड अँगालेर आफ्नो अस्तित्व र आउने पीढीको लागि एउटा सुरक्षित भविष्य तयार गर्नुपर्ने हुन्छ। अनि मात्र हामी धेरै हदसम्म आफ्नो अस्तित्व जोगाउन सक्छौं। यस परिवेशमा सबैले स्मरण गर्नुपर्ने कुरो के हो भने–"सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया/सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद् दुःख भागभवेत्।" अर्थात् सबै सुखी होऊन्, सबै निरोगी होऊन्। सबैको कल्याण होस् र कोही दुःखको भागी नबनोस्।

# सामाजिक सुरक्षा भत्ता र भारतीय

मन्तव्य



कुमार रुपाखेती

**नागरिकता हुँदाहुँदै राष्ट्रिय परिचयपत्र नामको खोस्टो किन अनिवार्य गरिएको होला ? एकातिर आधारकार्डधारीहरू दिनदहाडै सामाजिक सुरक्षा भत्ता हसुर्दा सरकार लाचार देखिनु, अनुसन्धान गर्न नसक्नु र अर्कोतिर आफ्ना अशक्त नागरिकलाई दुःख बेसाउनु कतिको जायज हो ?**

सबैलाई थाहा छ २०६२/६३ पछि थुप्रै भारतीयहरूले नेपाली नागरिकता हत्याउन सफल भएका छन्। नेपाली नागरिकता सीमा क्षेत्रका बिहारीहरूले सबैभन्दा बढी हात पारेका छन्। त्यतिखेर नागरिकता वितरण खुकुलो अर्थात् बाबाजी के बेल, हाते हाते गेल जस्तो थियो। यसरी येनकेन प्रकारेण रक्सौलका थुप्रैले वीरगंजतिर जायजेथा जोडेका छन्। बिहारीहरूले नागरिकता लिएपछि त्यसको असर नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा भत्तामा समेत परेको छ। नेपाली नागरिकता लिन भ्याएका त्यस्ताहरूको वीरगंजस्थित बैंकमा खाता रहेको र सो खातामा सामाजिक सुरक्षा भत्ता जम्मा हुने गर्दछ।

सरकारले तीनतीन महीनामा सम्बन्धितको खातामा रकम जम्मा गरेपछि उनीहरू सीमा कटेर यता आउने र चेकबाट भुक्तानी लिएर पुनः मुग्लान जान्छन्। सामाजिक सुरक्षामा आबद्ध सामाजिक सुरक्षा भत्ता अन्तर्गत सरकारले दश शीर्षकमा रकम वितरण गर्ने गरेको छ। यो दशवटै शीर्षकबाट उता स्थायी बसोवास गर्ने उतै घरजम गरेर बसेकाहरूले भत्ता लिने र भारतमैं फर्कने गरेको देखिन्छ। नागरिकता नभएर अथवा विभिन्न कारणले गर्दा नेपालीहरू नै सामाजिक सुरक्षा भत्ताबाट वञ्चित छन् भने सीमा नजीकका वीरगंज, कलैया, भिस्वा, जनकपुर, राजविराज आदि क्षेत्रबाट भरमार भारतीय (खासगरी बिहारीहरू)ले सामाजिक सुरक्षा भत्ता कुम्ल्याएको देख्दा कुन नेपालीको मन नरोला ? अझै पनि कतिपय भारतीय सामाजिक सुरक्षा भत्ताकै लोभमा नेपाली नागरिकता पाउन जिल्ला प्रशासनमा चक्कर लगाइरहेका देखिन्छन्।

कतिपय वडा कार्यालयहरूले मृतकको नाममा, फरक व्यक्ति देखाएर सुरक्षा भत्ता झिक्ने गरेको कुरा प्रकाशमा आए पनि भारतीय नागरिकबाट सरेआम सामाजिक सुरक्षा भत्तामा लुटको धन फुपूको श्राद्ध हुँदासमेत प्रमुख खबर बन्न सकेको छैन। आफ्ना नागरिकलाई दुःख दिन सरकारले आगामी वर्षदेखि सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ। अपाङ्ग, पूर्ण अपाङ्ग, हिंड्न नसक्ने, ज्येष्ठ नागरिक, एकल महिला र हिंडडुल गर्न नसक्ने, अक्सिजन बोकेर हिंड्नुपर्ने सुरक्षा भत्ता लाभार्थीहरू अन्योलमा परेका छन्। सिडियो कार्यालयहरूको गैरजिम्मेवार र बेवारिसे व्यवहारबाट हामी आजित छौं।

अनि नागरिकता हुँदाहुँदै राष्ट्रिय परिचयपत्र नामको खोस्टो किन अनिवार्य गरिएको होला ? एकातिर आधार कार्डधारी भारतीयहरू दिनदहाडै सामाजिक सुरक्षा भत्ता हसुर्दा सरकार लाचार देखिनु, अनुसन्धान गर्न नसक्नु र अर्कोतिर आफ्ना अशक्त नागरिकलाई दुःख बेसाउनु कतिको जायज हो ? नेपाली नागरिकले नागरिकता हुँदाहुँदै किन सामाजिक सुरक्षा भत्ता नपाउने भन्ने बहस धूँवाधाररूपमा चलाउनु जरुरी छ। होइन भने सामाजिक सुरक्षा भत्तासमेत भारतीय पोस्ने औजारका रूपमा मोलाउँदै जाने देखिन्छ। ज्येष्ठ नागरिक सङ्घसंस्थाहरूले समेत राष्ट्रिय परिचयपत्रको अनिवार्यता खारेज गराउनुपर्छ।

राष्ट्रिय परिचयपत्रको उर्दी जारी भएपछि ज्येष्ठ नागरिक, अपाङ्ग र एकल महिलाहरू यो टन्टलापुर घाममा जिल्ला प्रशासन कार्यालय धाएको–धायै लखतरान देखिन्छन्। कि त सरकारले सामाजिक सुरक्षा भत्ता पाउनेहरूका लागि सहजै छुट्टै राष्ट्रिय परिचयपत्र वितरण गर्ने व्यवस्था गरोस् अथवा राष्ट्रिय परिचयपत्र अनिवार्य चाहिने व्यवस्था खारेज गरोस्। अशक्त र ज्येष्ठ नागरिकको सहजताको लागि आवाज नउठाउने हो भने कतिपय नागरिक सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुने र विदेशीहरूले हाँसी–हाँसी लूट मचाउने पक्कापक्की छ। नेपाली नागरिकता लिएर हाम्रो भत्ता लुटेर लाने भारतीयहरूबारे सरकारले पत्ता लगाउन सक्छ ?

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# पर्यटकीय गन्तव्य बन्दै ठोरी

हिमाल लम्साल
वीरगंज (पर्सा), ९ असार/रासस

विसं २०२५ मा सिन्धुपाल्चोकको साबिकको हरजङ्ग गाविसका लालबहादुर श्रेष्ठ पाँच वर्षकै उमेरमा आफ्नो बुबाआमाका साथमा लागेर त्यति बेलाको चितवनको ठोरी गाविसमा नयाँ बस्ती बसाल्न आए।

तत्कालीन राजा महेन्द्रले भारतीय अतिक्रमणबाट ठोरीलगायत आसपासका जङ्गल जोगाउनकै लागि भनेर नयाँ बस्ती बसाल्ने योजना सारेसँगै श्रेष्ठसहितका व्यक्तिहरू आधा दर्जनभन्दा धेरै पहाडी जिल्लाबाट बसाइँ सरेर आउने लहर चल्यो। सोही क्रममा सिन्धुपाल्चोक, चितवन, मकवानपुर, पर्वत, गोरखा, लमजुङ, रामेछाप, दोलखालगायत जिल्लाबाट ठोरीको आसपासमा रहेका निर्मलबस्ती, सुवर्णपुरलगायत बस्तीमा आएर बसोबास गर्न थालेका थिए।

पाँच वर्षको उमेरमा सिन्धुपाल्चोकबाट ठोरी झरेका श्रेष्ठ यहाँ आएको ५४ वर्षपछि नै ठोरी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भए। "सिन्धुपाल्चोकको बराम्चीबाट मेरा मामाहरू २०२१ सालमा नै ठोरीमा झर्नुभऱ्यो। मामाहरूकै जोडबलकै कारणले २०२५ सालमा मलाई पनि साथमा लिएर मेरा बाआमा पनि ठोरीमा आउनुभएको हो," विगत स्मरण गर्दै अध्यक्ष श्रेष्ठले भने, "हामीले सानो हुँदा ठोरी आसपासका जङ्गल जोगाउनकै लागि ल्याइएको भन्ने सुन्दै आइरहेको छु।"

सुरुआती समयमा त ठोरीबाट सदरमुकाम चितवन पुग्न निकै कठिन थियो। बाटोको असहज सुविधा, अन्कन्टार जङ्गल नै जङ्गलको यात्रा गर्नुपर्ने अर्को बाध्यता पनि थियो। तत्कालीन ठोरीको बस्तीमा बसेका बासिन्दालाई चितवन जिल्ला सदरमुकाम जानभन्दा पर्साको सदरमुकाम वीरगंज जान सहज हुने भन्दै सीमा पुनर्गठन समितिले २०३४/३५ सालमा ठोरीलाई पर्सा जिल्लामा गाभेको थियो। "पहिला त ठोरीको दुःखको कुरै नगरौं। सीमावर्ती क्षेत्रका डाँकूले लुटपाट गरेर हैरानै पार्ने गर्थे," अध्यक्ष श्रेष्ठले भने, "सडक यातायातको असुविधाको कारणले धेरै नै दुःखको हन्डर खाइयो। हामी आएको ५६ वर्षमा अहिले ठोरीको स्वरूप धेरै फेरिएको छ।"

ठोरीबाट वीरगंजसम्म कालोपत्रसहितको दुई लेनको चौडा सडक बनेको छ। त्यति मात्रै होइन, चितवन छिचोल्ने कच्ची सडकसमेत तयार भइसकेको छ। उतिबेला राजा महेन्द्रले विभिन्न पहाडी जिल्लाबाट ल्याएर बसालेको बस्ती अहिले पर्यटकीय आकर्षणको केन्द्र बन्ने वातावरण बन्दै आइरहेको छ।

तराई–मधेसमा मधेस पर्ने भएपनि ठोरी गाउँपालिका भने पहाडैपहाडले घेरिएको मनोरम उपत्यका हो। समृद्धि ठोरी अभियानका संयोजक प्रकाश खनालले चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र भारतको वाल्मीकि रिजर्भ एरियाको सङ्गमस्थलमा पर्ने भएकोले पनि वन्यजन्तु तथा पर्यापर्यटनका लागि उपयुक्त स्थल भएको बताउँछन्।

"ठोरीमा पर्याप्त मात्रामा पर्यटकीय सम्भावना हुँदाहुँदै पनि पूर्वाधारको अभावका कारण पर्यटकीय गतिविधि चाहे जति बढाउन सकिरहेका छैनौं," उनले भने, "सुविधासम्पन्न होटल तथा अन्य पूर्वाधार नहुँदा पर्यटकलाई यही क्षेत्रमा अडयाउन भने सकिरहेका छैनौं।" उनले वन्यजन्तु पर्यटन र ऐतिहासिक




गन्तव्य भएकाले पनि पर्यटनको प्रचुर सम्भावना रहेर पनि सङ्घीय र प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माणमा अपेक्षाकृत सहयोग नगरेको गुनासो गरे।

नाकाबन्दीको समयमा ठोरी नै मुलुकभर पेट्रोलियम पदार्थ उपलब्ध गराउने अनौपचारिक नाका जस्तै भयो। त्यसैमा पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राम भगवान् ठोरीमा जन्मिएको अभिव्यक्ति दिएसँगै यसको चर्चा–परिचर्चा धेरै हुन थाल्यो।

यहाँ राईधारा वनभोजस्थलका रूपमा निकै चर्चित छ। सेतो पहाड, गोले डाँडा, रातो पहाड, सिनेही पहाड, स्टोनपार्क, रानीवन, अमृतधारा, चीसापानी, सीतागुफा, वनशक्ति मन्दिर, बाघमोर्चा मन्दिर, शिकारीबासलगायत चार दर्जनभन्दा धेरै पर्यटकीयस्थल छन्।

ठोरी गाउँपालिका–२ मा रहेको भ्यूटावरबाट पनि सूर्योदय र सूर्यास्तको दृश्य हेर्न पाइने भएकाले पनि पर्यटकको आकर्षण बढेको छ। पर्यटकीय गतिविधि फस्टाउन थालेसँगै बिस्तारै यहाँ होटल तथा रेस्टुरेन्ट खुल्ने क्रम पनि बढ्दै गइरहेको छ। ठोरी गाउँपालिकामा दुई वर्षदेखि सुविधासम्पन्न ठोरी जङ्गल रिसोर्ट पनि सञ्चालनमा आएको छ।

ठोरी जङ्गल रिसोर्टका सञ्चालक सुदीप थापा ठोरीमा भारतीय र स्वदेशी पर्यटकको आवागमन पछिल्ला वर्षमा धेरै बढेको बताउँछन्। "हामीले दुई वर्षअघि ठूलो जोखिम मोलेर करीब सात करोड लगानीमा रिसोर्ट सञ्चालनमा ल्याएका हौं। यहाँ स्वदेशी तथा विदेशी पर्यटकको आवागमनले पर्यटनको 'अफ सिजन'मा पनि पर्यटकको कुनै अभाव छैन," सञ्चालक थापाले भने, "वन्यजन्तु पर्यटनका लागि प्रचुर सम्भावनाको क्षेत्र भएपनि सरकारले आधारभूत पर्यटकीय पूर्वाधार निर्माण नगर्दा भने अपेक्षितरूपमा पर्यटन क्षेत्रको विकास हुन सकिरहेको छैन।"

ठोरीमा कति पर्यटन आउँछन् भन्ने यकीन तथ्याङ्क छैन। यद्यपि सञ्चालक थापाले भने गत आर्थिक वर्षमा ६२ हजार पर्यटकले रिसोर्ट घुमेको दाबी गरे। उनले रिसोर्टमा गत वर्ष मात्रै ४८ हजारभन्दा धेरै ग्राहक आएको बताए। सञ्चालक थापा ठोरीमा भारतीय सीमावर्ती शहरहरू जमुनिया, नरकटियागंज, रामनगर, रक्सौल, सुगौली, मुजफ्फरपुर र पटनालगायतका ठाउँबाट भारतीय पर्यटकलाई आकर्षित गर्न सकिने बताउँछन्। उनी भन्छन्, "प्रायः शनिवार र आइतवार बिदा मनाउन आउने पर्यटकलाई आकर्षित गर्न सकिएमा पनि धेरै राहत पुग्नेछ।"

**ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा कागजमै सीमित**

मधेस प्रदेश सरकारले पर्साको ठोरी गाउँपालिकालाई पर्यटकीय क्षेत्र घोषणा केवल कागजमा मात्रै सीमित भएको छ। मधेस प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबू राउत गद्दीको अध्यक्षतामा २०७८ चैत ११ गते ठोरीमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले ठोरीलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्नका लागि रु १० करोड विनियोजन गर्ने घोषणा पनि गरेको थियो तर अहिलेसम्म प्रदेश सरकारले ठोरीको पर्यटन विकासका लागि पूर्वघोषणा गरेअनुरूपको बजेट विनियोजन भने गरेन।

ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठ प्रदेश सरकारले पर्यटकीय गन्तव्यका रूपमा घोषणा गरे पनि बजेट भने विनियोजन नगरेको बताउँछन्। "मधेस प्रदेशको मन्त्रिपरिषद्कै बैठक बसेर पर्यटकीय गन्तव्य निर्माणका लागि रु १० करोड बजेट विनियोजन गर्ने निर्णय हुँदा यस क्षेत्रमा पर्यटनको विकास हुने ठूलो आशा गरेका थियौं तर मधेस सरकारको घोषणा केवल कागजमा मात्रै सीमित हुँदा हामी निराश भएका छौं," उनले भने।

गाउँपालिका अध्यक्ष श्रेष्ठले मधेस प्रदेशको एकमात्रै पहाडी गाउँपालिका भएपनि बेवास्ता गरेको आरोप लगाए। गाउँपालिकाले ठोरीको पर्यटनलाई व्यवस्थित गराउन रु नौ करोडको लागतमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर यही वर्ष रु एक करोड लागतको काम शुरू हुन गरिरहेको जनाएको छ। पालिकाले आफ्नै बजेटले ज्येष्ठ नागरिकलाई आराम गर्ने बगैंचा, युवालाई सेल्फी खिच्ने ठाउँ, पौडी पोखरी र बालबालिकालाई खेल्ने ठाउँ बनाउँदैछ। ठोरी गाउँपालिका १२८ दशमलव ६७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

**भन्सारमैं सटही सुविधाको माग**

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भारतको बिहार र उत्तर प्रदेश राज्यको जनसङ्ख्याको थोरै हिस्सा पर्यटक मात्रै भित्र्याउन सकेको खण्डमा पनि नेपालको पर्यटन क्षेत्रलाई गुलजार बनाउन सकिने बताउँछन्। पर्सा जिल्लाबाट नजीकै भारतको बिहार राज्यमा कम्तीमा रु १३ करोड र उत्तर प्रदेश राज्यमा १९ करोड जनसङ्ख्या रहेका छन्। ती राज्यहरूबाट कुल जनसङ्ख्याको एक प्रतिशत मात्रै पर्यटक ल्याउन सके पनि यस क्षेत्रको पर्यटनले मुहार फेर्न सकिने थियो।

अहिले भारतीय पर्यटक बोकेर आएका भारतीय नम्बर प्लेटका सवारीसाधनले दैनिक रु ७६५ तिरेर यात्रा गर्ने गर्छन्। अध्यक्ष अग्रवालले पर्सा जिल्लामा रहेका भन्सार कार्यालयसँगै मुद्रा सटही काउन्टर राख्नुपर्ने बताए। "भारतीय पर्यटकहरू भारु पैसा बोकेर आउने गर्छन्। भन्सार क्षेत्रमा मुद्रा सटही काउन्टर नहुँदा पनि पर्यटकले विभिन्न खालका सास्ती भोग्नुपरेको छ," उनले भने, "यस्ता खालका समस्या समाधान गर्ने हो भने पर्यटकको आकर्षण अझै बढाउन सकिने थियो।"

**ठोरी हुँदै भरतपुर**

छोटी भन्सार कार्यालय ठोरीले आफ्नो सेवा स्तरोन्नति गरेसँगै अहिले भारतीय पर्यटकहरू सवारीसाधनसहितको अस्थायी अनुमति प्राप्त गर्न सहज भएसँगै ठूलो सङ्ख्यामा ठोरी नाका हुँदै भित्रिरहेका छन्। भरतपुर महानगरपालिकाले भ्रमण वर्ष २०२४ को अवसर पारेर ठोरी नाका हुँदै आउने पर्यटकलाई भित्र्याउन ठूलै कसरत गर्दै आइरहेको छ तर ठोरी हुँदै भरतपुरसम्मको सडक राम्रो नहुँदा पनि समस्या भइरहेको छ।

भरतपुर महानगरकी प्रमुख रेनु दाहालले सङ्घ–प्रदेश र स्थानीय सरकारसँग समन्वय गरेर ठोरी–भरतपुर सडकखण्डलाई व्यवस्थित गरेर पर्यटकीय गतिविधिलाई अझै बढाउने कोशिश गर्दै आइरहेको बताइन्। वीरगंज बजारदेखि ठोरी ६० किलोमिटरको दूरीमा रहेको छ। ठोरीदेखि भरतपुर ७० किलोमिटरको हाराहारीमा रहेको छ। यो सडकखण्ड हुलाकी राजमार्गले जोडिएको छ तर चितवन राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्रमा पर्ने भएकोले केही खण्डको सडक भने कालोपत्र नहुँदा पर्यटकीय आवागमन सहज हुन सकिरहेको छैन।

# चालू आवमा चुरे क्षेत्रमा ११ पोखरी निर्माण तथा व्यवस्थापन

नारायणगढ (चितवन), ९ असार/रासस

राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समिति, कार्यान्वयन एकाइ चितवनले चुरे क्षेत्रमा ११ पोखरी निर्माण तथा व्यवस्थापन गरेको छ।




कार्यालय प्रमुख श्यामबाबू लोप्चनले चालू आर्थिक वर्षमा कार्यालयको क्षेत्रमा पर्ने चितवन, मकवानपुर, नवलपुर (बर्दघाट–सुस्तापूर्व), बारा र पर्सामा पोखरी निर्माण तथा व्यवस्थापन गरिएको बताए।

चितवनमा पर्ने राप्ती नगरपालिका–९ रसौलीमा चार रोपनी क्षेत्रफलमा एक करोड लिटर पानी जम्मा हुनेगरी रु ३५ लाखको लागतमा पोखरी निर्माण गरिएको र चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने गैंडा काललाई रु आठ लाखको लागतमा चार रोपनी क्षेत्रफलमा विस्तार गरिएको उनले जानकारी दिए। "वन्यजन्तुलाई पानीको सहजताका लागि पोखरी निर्माण तथा विस्तार गरिरहेका छौं। यो वर्ष त्यसलाई निरन्तरता दिएका छौं। यहाँ खडेरीमा पनि वन्यजन्तुलाई पानीको समस्या नहुने गरी पोखरी व्यवस्थापन गरिएका छन्," कार्यालय प्रमुख लोप्चनले भने।

यसैगरी, नवलपुरको कावासोतीस्थित बुद्ध सामुदायिक वनमा रु पाँच लाखको लागतमा दुई रोपनी क्षेत्रफलमा नयाँ तालको संरचना निर्माण गरिएको छ। मकवानपुरको मनहरी गाउँपालिका–६ मा रु २० लाखको लागतमा मोरङ्गे तालको क्षेत्र विस्तार तथा पर्यापर्यटनको दृष्टिले पनि उपयुक्त भएकाले पदमार्गसँगै पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको लोप्चनले बताए।

हेटौंडा उपमहानगरपालिका–१६ शक्ति खोलामा एकै स्थानमा तीन पोखरी निर्माण गरिएका छन्। रु पाँच लाखका दरले निर्माण गरिएका ती पोखरी दुई/दुई रोपनी क्षेत्रफलमा फैलिएका छन्। यस्तै, हेटौंडा–१५ स्थित कर्णे खोलामा तीन रोपनी क्षेत्रफलमा र बकैया–३ मा पर्ने चम्पा खोलामा रु पाँच लाखको लागतमा पोखरी निर्माण गरिएको कार्यालयले जनाएको छ।

एकाइले बाराको पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने तीन कुवा पोखरीलाई पुनर्निर्माण गरेको जनाएको छ। रु १० लाखको लागतमा निर्माण गरिएको पोखरी तीन रोपनी क्षेत्रफलमा फैलिएको छ। बाराको जीतपुरसिमरा उपमहानगर–१६ मा रहेको हलखोरियामा रु १३ लाखको लागतमा हात्तीघोल ताल व्यवस्थापन गरिएको छ। यो ताल आठ रोपनी क्षेत्रफलमा फैलिएको छ।

# हेटौंडा सिमेन्ट उद्योगबाट उत्पादन शुरू

मकवानपुर, ९ असार/रासस

करीब तीन महीना अघिदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले आइतवारदेखि पुनः उत्पादन शुरू गरेको छ। उद्योगको आगो बाल्ने भट्टीका साथै केही उपकरण मरम्मतसम्भार गर्नुपर्ने भएकोले दुई हप्ताका लागि उत्पादन बन्द गरिएको थियो।

उक्त उद्योगबाट अवकाश पाएका कर्मचारीले पाउने उपदान र औषधि उपचार खर्चको एकमुस्ट रकम भुक्तानी नगरेको भन्दै कर्मचारीले लामो समयसम्म हडताल जारी राखेकाले सिमेन्टको उत्पादन सञ्चालन गर्न नसकिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए। अहिले निवृत्त भएका कर्मचारीले हडताल स्थगित गरेपछि नियमित उत्पादन र प्याकिङ गर्ने काम सञ्चालन भएको उनले बताए।

उद्योगमा अहिले पटकपटक गरी करीब ४५०० मेट्रिक टन कोइला बोलपत्रद्वारा आह्वान गरी आपूर्ति गरिरहेकाले अब नियमित उत्पादन भइरहने सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले जानकारी दिए। उनका अनुसार केही महीना अघि आर्थिक सङ्कटले कोइला खरीद गर्न कठिनाइ हुँदा पटकपटक उत्पादनमा रोक लगाउनुपरेको थियो।

स्थापनाकालदेखि केही वर्ष अघिसम्म उक्त उद्योगमा कार्यरत विभिन्न तहका २९ जना कर्मचारीले अवकाश पाएपछि निजहरूले नियम अनुसार पाउनुपर्ने उपदान, औषधि उपचार खर्चसमेत गरी करीब रु १७ करोड पाँच लाख रकम दिनुपर्नेमा आर्थिक सङ्कटले भुक्तानी दिनुपर्ने रकम नभएकाले समस्या आएको उद्योगका लेखा प्रमुख हरेराम कोइरालाले बताए।

उद्योगका महाप्रबन्धक पाण्डेले उद्योगलाई अब नयाँ प्रक्रियाबाट सञ्चालनमा ल्याइ सिमेन्ट उत्पादन नियमित गर्ने योजना बनाइएको बताए। "अवकाश लिएका कर्मचारीलाई दिनुपर्ने रकम हाल उद्योगमा मौज्दात नरहेकोले नवनियुक्त अध्यक्षलगायत पदाधिकार र प्रतिनिधिसभाका सदस्यद्वय दीपकबहादुर सिंह र महेशकुमार बर्तौलासहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटी उद्योगमा आइपरेको आर्थिक सङ्कटबारे जानकारी गराएका छौं"–उनले भने–"सरोकार भएका निकायको पहलमा समस्या समाधान गर्नेछौं।"

उद्योग मन्त्रालयले सरकारको तर्फबाट सिमेन्ट उद्योगलाई उपलब्ध गराइदिने रकमका लागि आवश्यकीय कागजपत्र अर्थ मन्त्रालय पठाइसकेको जनाउँदै महाप्रबन्धक पाण्डेले केही हप्ताभित्रै अनुदान रकम प्राप्त हुने भएकोले अवकाश प्राप्त कर्मचारीलाई दिइने बताए।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौंडा, लामसुरेमा हेटौंडा सिमेन्ट उद्योग स्थापना गरेको थियो। तत्कालीन समयमा उद्योग निर्माणका लागि सरकारले रु एक अर्ब ५० करोड रकम उपलब्ध गराएको थियो।

विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिकरूपमा सिमेन्ट उत्पादन गरी काठमाडौंलगायत विभिन्न शहरमा आपूर्ति गर्दै आएको उद्योग प्रशासनले जनाएको छ। उद्योगको साबिक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा भए पनि अहिले १० हजार बोरा मात्र उत्पादन भइरहेको छ। उद्योगमा अहिले प्रशासन, लेखा, प्रविधिक, चुनढुङ्गा खानी एवं कामदार मजदूर गरी करीब दुई सयले प्रत्यक्ष रोजगार पाइरहेका छन्। उद्योगमा अहिले पटकपटक एक लाख ५० हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योग व्यवस्थापनले जनाएको छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाडौं, ९ असार/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। आइतवार नेप्से परिसूचक ५.३७ अङ्कले घटेर २०६२.९४ को बिन्दुमा कायम भएको हो।

आज ३१७ कम्पनीका ९५ लाख ६१ हजार ७२७ कित्ता शेयर ६१ हजार ५१३ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ३७ करोड ४५ लाख ९७ हजार ४५८ बराबरको कारोबार भएको छ। आज वित्त समूह ५.४९ र अन्य समूह ०.२५ प्रतिशतले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै लघुवित्त समूह १.२३ र होटल तथा पर्यटन समूह १.१० प्रतिशतले घटेका छन्।

रिलायन्स फाइनान्स लिमिटेड, गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड र नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ६.५८ र सनराइज ब्लुचिप फन्डको शेयर मूल्य ५.२४ प्रतिशतले घटेका छन्।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेडको रु १७ करोड १३ लाख ५२ हजार ३९१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै रिलायन्स फाइनान्स लिमिटेडको तीन लाख नौ हजार ४४३ कित्ता शेयर किनबेच भएका छन्।



**पर्यटकका लागि टेन्ट :** मुगुको छायानाथ रारा नगरपालिका–९ मा रहेको स्वर्गकी अप्सरा भनेर चिनिने रारा तालको किनारमा पर्यटकका लागि निर्माण गरिएको टेन्ट। तस्बिर: सुरेश आचार्य/रासस

# तयार भयो बाह्रबिसे सबस्टेशन

काठमाडौं, ९ असार/रासस

सिन्धुपाल्चोक र आसपासका जिल्लाको विद्युत् राष्ट्रिय प्रणालीमा जोड्नका लागि महत्त्वपूर्ण मानिएको बाह्रबिसे सबस्टेशन निर्माण सम्पन्न भएको छ । कुल २२०/१३२ केभी क्षमताको सबस्टेशनमा १६० एमभिए, १३२/११ केभी र पाँच एमभिएका पावर ट्रान्सफर्मर रहेका छन् ।

ग्याँस इनसुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेशनका सम्पूर्ण उपकरणको परीक्षण सम्पन्न भइसकेको छ । बाह्रबिसेमा ४०० केभीको अर्को सबस्टेशन पनि निर्माणाधीन अवस्थामा छ ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीको अगुवाईमा सिन्धुपाल्चोकमा निर्माण गरिएको १०२ मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् यही सबस्टेशनमा जोडिने छ। मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन शुरू भएपछि सोही विद्युत् प्रयोग गरी बाह्रबिसे सबस्टेशनलाई चार्ज गरिने विद्युत् प्राधिकरणले जनाएको छ ।

निर्माण सम्पन्न भएको मध्यभोटेकोशीबाट विद्युत् उत्पादन शुरू गर्न संरचना तथा उपकरणहरू परीक्षण गर्ने क्रममा सुरुङबाट पानी चुहिएपछि हाल सुरुङको मरम्मत भइरहेको छ । सुरुङ मरम्मत आगामी भदौ दोस्रो साताभित्र सक्ने लक्ष्य राखी काम भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

घिसिङसहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले शनिवार सबस्टेशन, प्रसारण लाइन र मध्यभोटेकोशीको सुरुङ मरम्मत कार्यको अनुगमन गरी तोकिएको समयभन्दा अघि सम्पूर्ण काम सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई आग्रह गरे । कार्यकारी निर्देशक घिसिङले बाह्रबिसे सबस्टेशन निर्माण सम्पन्न भइसकेकोले मध्यकोटेकोशीबाट उत्पादित विद्युत् प्रवाहमा समस्या नरहेको उल्लेख गरे ।


तस्वीरः एजेन्सी

"सबस्टेशन तयार गर्न नसक्दा मध्यभोटेकोशीको विद्युत् जोड्न नसकिने हो कि भन्ने अवस्था थियो, अब २२० केभी सबस्टेशन निर्माण सम्पन्न भइसकेपछि आयोजनाको विद्युत् जोड्न विभिन्न विकल्प तयार भएका छन् । चुहिएको सुरुङ मरम्मतका लागि पनि केही समय लाग्ने देखिएको छ, त्यसैले अब प्रसारण लाइन तथा सबस्टेशन अभावमा आयोजनाको विद्युत् खेर जाने अवस्था छैन"–उनले भने ।

मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेशनमा जोडिने छ । आयोजनाले आफ्नो विद्युत्गृहको स्वीचयार्डबाट बाह्रबिसे सबस्टेशनसम्म करीब चार किलोमिटर लामो २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको कार्यकारी निर्देशक घिसिङले बताए । प्रसारण लाइनको करीब दुई किलोमिटर तार तानिएको छ। बाह्रबिसे नगरपालिका–३ र ४ स्थित पलाँतीका स्थानीयको अवरोधका कारण आयोजनाले दुई किलोमिटर तार तान्न नसकेको उनको भनाइ छ ।

मध्यभोटेकोशीको विद्युत् प्रवाहका लागि अस्थायीरूपमा वैकल्पिक व्यवस्था गरिएको छ। कुल २२० केभी क्षमताको प्रसारण लाइनबाट बाह्रबिसे सबस्टेशनमा पुगेको विद्युत् सोही सबस्टेशनमार्फत १३२ केभीमा झारेर प्रवाह गरिने प्राधिकरणले जनाएको छ । यसका लागि २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनलाई डबल बनाएर बाह्रबिसे सबस्टेशनमा लगिने छ।

सोही प्रसारण लाइनबाट मध्यभोटेकोशीको विद्युत् लामोसाँघु सबस्टेशन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । अस्थायी वैकल्पिक व्यवस्था खिम्ती–बाह्रबिसे वा बाह्रबिसे–काठमाडौं प्रसारण लाइन सम्पन्न नभएसम्म रहने छ । उनका अनुसार उक्त लाइन सम्पन्न भएपछि सोहीमार्फत विद्युत् प्रवाह हुनेछ ।

तामाकोशी–काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजना अन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेशनबाट बाह्रबिसेसम्म ४३ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ। प्रसारण लाइनमा पर्ने ११८ वटा टावरमध्ये दुईवटाको मात्र निर्माण बाँकी छ। नयाँ खिम्ती सबस्टेशन नजिक स्थानीयको अवरोधका कारण एउटा टावर निर्माण हुन सकिरहेको छैन।

सोही क्षेत्रमा प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाधनीले जग्गाको शतप्रतिशत क्षतिपूर्तिको माग गरेपछि करीब १.३ किलोमिटर तार तान्न समस्या भएको घिसिङको भनाइ छ । उनका अनुसार कुल ४३ किलोमिटर प्रसारण लाइनमध्ये ३४ किलोमिटर तार तानिएको छ ।

बाह्रबिसेबाट काठमाडौंको लप्सीफेदीसम्मको ४६ किमी ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ । उक्त प्रसारण लाइनमा पर्ने १२२ वटा टावरमध्ये लप्सीफेदीका स्थानीयको अवरोधका कारण पाँचवटा टावरको निर्माण बाँकी छ । अहिले स्थानीयको अवरोध हटिसकेकोले टावर प्याड निर्माणका लागि जग्गा अधिग्रहण गर्न मुआब्जा निर्धारण प्रक्रियामा रहेको आयोजना प्रमुख नीतेश पौडेलले बताए । "उक्त प्रसारण लाइनमध्ये ४२ किमी तार तानिसकिएको छ । अवरोध भएको ठाउँको मात्र काम बाँकी छ"–उनले भने।

तामाकोशी तथा सुनकोशी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोशी–काठमाडौं प्रसारण लाइन र सबस्टेशन निर्माण गरिएको हो । आयोजनामा नेपाल सरकार तथा प्राधिकरणको लगानी र एशियाली विकास बैंकको सहुलितपूर्ण ऋण रहेको छ।

# शिक्षातर्फ आकर्षित हुँदै हरुवाचरुवा मुसहर समुदायका बालबालिका

शम्भुनाथ (सप्तरी), ९ असार/रासस

पढ्ने उमेर भए पनि जिल्लाको शम्भुनाथ नगरपालिका–७ भगवतपुरस्थित मुसहर बस्तीका नौ वर्षीय प्रदीप सदा विद्यालय जान पाउँदैन थिए। घरदेखि करीब पाँच सय मिटरको दूरीमा रहेको विद्यालय नगई घरमैं खेलेर समय बिताउँथे। अहिले प्रदीप बिहान हुनेबित्तिकै झोलामा कापीकिताब बोकेर विद्यालय जान थालेका छन् ।

आमाबुवाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उनीहरूसँगै साहुमहाजनको गाईगोरु चराउने गरेका सोही ठाउँका ११ वर्षीय राकेश सदाको पनि अहिले दिनचर्या फेरिएको छ। राकेश पनि अहिले घर नजिकै रहेको बुद्धिलाल मुनर माध्यमिक विद्यालय जान थालेका छन् ।

प्रदीप र राकेश मात्र होइन, पछिल्लो समय अति पिछडिएको उक्त मुसहर बस्तीका बालकालिकाको शिक्षाप्रति आकर्षण बढ्दै गएको छ। हरुवाचरुवा र मुसहर समुदायको उल्लेख्य बसोवास रहेको शम्भुनाथ–७ भगवतपुर, वडा नं २ कनकपट्टी, वडा नं ३ डङ्गराही र वडा नं ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन् ।

सो नगरपालिकाका हरुवाचरुवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियान अन्तर्गत निश्शुल्क बाल ट्युशन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको सङ्ख्या बढ्दै गएको हो।

केही वर्ष अघिसम्म अत्यन्त न्यून सङ्ख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय त्यस समुदायबाट विद्यालय जानेको सङ्ख्या उत्साहजनकरूपमा बढ्दै गएको केन्द्रका सहजकर्ता बिजली रामले बताए।

तीन वर्ष अघिसम्म ती वडाबाट हरुवाचरुवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको सङ्ख्या १२ थियो। केन्द्रले 'द फ्रिडम फन्ड' संस्थाको सहयोगमा 'सामाजिक परिचालन तथा शिक्षाका माध्यमबाट हरुवाचरुवाको सशक्तीकरण कार्यक्रम'अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निश्शुल्क बालकक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको सङ्ख्या ३०० भन्दा बढी पुगेको हरुवाचरुवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदाले जानकारी दिए ।

"पहिलेपहिले हरुवाचरुवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकूदमैं दिन बिताउने गर्दथे । गाउँमैं निश्शुल्क बालकक्षा सञ्चालनमा आएपछि बिस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्"– अर्जुनले भने–"केही वर्ष अघिसम्म विद्यालयमा मुसहर परिवारका बालबालिका न्यून सङ्ख्यामा भेटिन्थे, अहिले बिस्तारै उक्त सङ्ख्या बढ्दै गएको छ ।"

"हरुवाचरुवा परिवारमा शिक्षाको महत्त्व थाहा नभएर होला अभिभावकले पनि आफ्ना छोराछोरी विद्यालय पठाउँदैनथे"–मोहनपुरका दिपा सदाले भनिन्–"अहिले चेतनाको स्तर वृद्धि हुनुका साथै शिक्षामूलक अभियानले गर्दा अभिभावकमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ ।" कुनै बेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमैं अभिभावकले विवाह गरिदिएको सम्झिँदै उनले अहिले त्यस्तो अवस्था बिस्तारै हट्दै गएको बताइन् । हरुवाचरुवा मुसहर परिवारका अभिभावक जिम्मेवार बन्दै गएका उनको बुझाइ छ ।

हरुवाचरुवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निश्शुल्क बालशिक्षा कार्यक्रममा अहिले उक्त समुदायका दुई सयभन्दा बढी बालबालिका नियमित अध्ययन गर्न आउने गरेका श्रीपुर्राज सामुदायिक केन्द्रका संयोजक विनोदानन्द चौधरीले बताए । तीमध्ये १५० बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुर्‍याइएको उनले जानकारी दिए ।

संयोजक चौधरीका अनुसार विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाको तर्फबाट शैक्षिक सामग्री र स्कूल झोला निश्शुल्क उपलब्ध गराइएको छ। विद्यालय बाहिर रहेका बालबालिकाका लागि हाल तीनजना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौ महीने बालशिक्षा प्रदान गरिरहेको भन्दै क्रमिकरूपमा विद्यालय भर्ना गराउँदै लगिने उनले जानकारी दिए ।

"प्रारम्भिक बालशिक्षाबाट राम्रो गर्दै गएका १५० जना हरुवाचरुवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराइसकिएको छ"–केन्द्रका सहजकर्ता रामले भने–"बाँकी रहेकालाई क्रमशः पायकपर्ने विद्यालयमा भर्ना गराउने तयारीमा छौं ।"

गरीबी र अभावबाट गुज्रिरहेका हरुवाचरुवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर हुने गरेकामा उनीहरूलाई शिक्षासँग जोड्ने अभियान सञ्चालन गरी आगामी शैक्षिक सत्रदेखि सबैलाई विद्यालयसँग जोड्न पहल गरिएको उनको भनाइ छ।

शैक्षिकरूपमा पछाडि परेका हरुवाचरुवा र मुसहर समुदायका बालबालिकाको विद्यालय आउने क्रम बढेको भन्दै यस्तो अभियानलाई अझ सशक्त बनाएर निरन्तरता दिनुपर्ने शम्भुनाथ–३ स्थित बौकीदेवी दलित आधारभूत विद्यालयका प्रधानाध्यापक गोसाइँ पासवानले बताए। भर्ना हुन आउने बालबालिकालाई विद्यालयको तर्फबाट आवश्यक सहयोग र सहजीकरण गरिने उनको भनाइ छ।


**दोवा गाउँः** उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडा नं १ मा पर्ने दोवा गाउँ। प्राकृतिक सुन्दरता र जैविक विविधताले युक्त यो गाउँ ढुङ्गेघरको गाउँ भनेर पनि चिनिन्छ। तस्बिरः ध्रुवसागर शर्मा/रासस

## फरक समाचार

# कसरी सफल व्यक्तिसँग मित्रता गाँस्ने

यसमा कुनै शङ्का छैन कि व्यक्तिमाथि उसको सङ्गतले ठूलो प्रभाव पार्छ। यदि तपाईं पनि सफल भविष्य चाहनुहुन्छ भने त्यस्ता व्यक्तिका साथ रहने प्रयास गर्नुहोस् जो सफल र सक्षम छन् । वास्तवमा सफल व्यक्तिसँगको मित्रताले तपाईंको नेटवर्कलाई मात्र बलियो बनाउँदैन, उनीहरूबाट धेरै कुरा सिक्ने अवसर पनि दिन्छ ।



यद्यपि सफल व्यक्तिहरू प्रायः टाढाका तारा मानिन्छन्, जससँग मित्रता गाँस्न गाह्रो हुन्छ । तर पनि सफल व्यक्तिहरूसँग अर्थपूर्ण मित्रता बनाउन असम्भव छैन ।

**राम्रा ठाउँहरूमा जानुहोस् :** सही व्यक्तिहरूसँग मित्रता बनाउनको लागि, तपाईं सही ठाउँमा हुनु धेरै महत्त्वपूर्ण छ। सफल व्यक्तिहरूले आफ्नो ज्ञान र स्वास्थ्य सुधार गर्न आफ्नो अधिकांश समय खर्च गर्छन् । यस्तो अवस्थामा पुस्तकालय, कार्यक्रम, जिमजस्ता ठाउँमा गएर सफल व्यक्तिहरूसँग सम्पर्क बढाउन सक्नुहुन्छ।

**समान रुचि खोज्नुहोस् :** अन्य व्यक्तिजस्तै सफल व्यक्तिहरूको पनि शोख हुन्छ। कसैलाई हिमाल चढ्न मन लाग्छ भने कसैलाई किताब पढ्न मन लाग्न सक्छ। यी चासोका आधारमा जोडिएपछि सञ्चार सहज हुन्छ र आपसी सम्बन्ध बलियो हुन्छ ।

**सिक्ने इच्छा देखाउनुहोस् :** मित्रता भनेको फाइदा लिनु मात्र होइन। सफल व्यक्तिहरूबाट सिक्ने इच्छा राख्नुहोस्। उनीहरूका अनुभवहरू सुन्नुहोस् र प्रश्नहरू सोध्न नहच्किनुहोस् । तपाईंले आफ्नो लक्ष्य हासिल गर्न उनीहरूको सल्लाहबाट मदत लिन सक्नुहुन्छ ।

**कामको लागि मात्र भेट नगर्नुहोस् :** सफल मानिसहरूसँग आफ्नो काम पूरा गर्नको लागि धेरैले सङ्गत गर्छन्। तर यदि तपाईं उनीहरूको साथी बन्न चाहनुहुन्छ भने उनीहरूसँग मदत माग्नको लागि मात्र नबोल्नुहोस् । सफल व्यक्तिको पनि कुरा सुन्नुहोस् र उनीहरूलाई समय दिनुहोस् ।

# शरीरमा आइरनको कमी हुन नदिउँ

आयरन (फलाम) हाम्रो शरीरको एउटा निकै महत्त्वपूर्ण खनिज हो जसले हामीलाई पोषण मात्र होइन, धेरै रोगबाट पनि बचाउँछ । आइरनविना हाम्रो शरीर कमजोर हुन्छ, जसका कारण यो पोषक तत्त्वको कमीले हेमोग्लोबिन कम हुन थाल्छ, त्यसैले तपाईंले आफ्नो दैनिक आहारमा कागती, पालक, चुकन्दर, पिस्ता, सुक्खा किसमिस, अम्बा, केरा र अन्जीरजस्ता चीजहरू खान सक्नुहुन्छ।




पोषणविद् निखिल वत्सले आइरनको कमीले हामीलाई के–कस्ता हानि पुर्‍याउन सक्छ भनी सुझाव दिएका छन् ।

**एनिमियाः** आइरनको कमीले गर्दा हामीले एनिमियाको सामना गर्न सक्छौं। यो रोग खासगरी महिलालाई हुने गर्छ । तसर्थ, हरेक दिन आइरन भएको खानेकुरा खानुपर्छ ।

**कमजोरी :** शरीरमा आइरनको कमी हुँदा हेमोग्लोबिन आवश्यक मात्रामा उत्पादन हुँदैन, जसले गर्दा पूरा निद्रा लिएर पनि दिनभरि कमजोरी र थकान महसूस हुन्छ । जसका कारण दैनिक जीवनका सामान्य काम गर्न कठिनाइ हुने गर्छ ।

**हृदयरोग :** मुटुको स्वास्थ्यलाई सधैं प्राथमिकता दिनुपर्छ, किनभने हृदयरोगीहरूको सङ्ख्या लगातार बढिरहेको छ। शरीरमा आइरनको कमी हुँदा हेमोग्लोबिनको कमी हुन थाल्छ। यसका कारण शरीरका धेरै भागमा अक्सिजन सही मात्रामा पुग्दैन, जसका कारण मुटुको काम बढ्छ र मुटुसम्बन्धी रोगको खतरा हुन्छ ।

**कपाल र छाला रोगहरू :** फलामले हाम्रो शरीरको सौन्दर्य बढाउन पनि काम गर्छ। यदि यो पोषक तत्त्वको कमी भयो भने छाला र कपालमा समस्या आउन थाल्छ। जस्तै छाला सुख्खा हुनु, दागहरू देखिनु, छालाको टोन घट्नु वा निर्जीव हुनु। यसका साथै कपाल झर्ने र डन्डीफोरजस्ता समस्या पनि हुन थाल्छ।

# टुथपेस्टबाट कार चम्काउने तरीका

धेरैले आफ्नो कार चम्किलो राख्न दिनदिनै सफा गर्छन् तर त्यसमा फसेको धूलो र फोहोर राम्ररी सफा हुँदैन। यदि तपाईं पनि कारलाई व्यावसायिकरूपमा सफा गर्न चाहनुहुन्छ भने यसको लागि पाँच सयदेखि एक हजार खर्च गर्नुपर्छ । तर कम खर्च, कम पानी खपतमा आफ्नो कारलाई चम्किलो राख्न चाहनुहुन्छ भने एउटा सस्तो र प्रभावकारी तरीका छ ।



टूथपेस्ट हरेक घरमा हुन्छ। दाँत चम्काउन यसको प्रयोग गरिन्छ तर कहिलेकाही यसको प्रयोग कार चम्काउन पनि गर्न सकिन्छ ।

कारलाई सफा गर्दा सावधान रहनुपर्छ । टुथपेस्टबाट कारका केही भाग चम्काउन सकिन्छ। यी भागहरूमा कारको टायर वा रिम, कारको विन्डशिल्ड र यसका अन्य भागहरू पनि समावेश हुन्छ। यसलाई सफा गर्नको लागि सामान्य टूथपेस्ट लिनुहोस् र यी भागहरूमा लगाउनुहोस् र हातले मल्नुहोस् । टूथपेस्ट लगाउनु अघि सफा गर्ने भागमा पानी खन्याउनुपर्छ । टुथपेस्ट दलेको पाँच मिनेटपछि पानी हालेर सफा गर्नुहोस्। टूथपेस्टमा पाइने सोडाका कारण कारको यी भागहरू चम्किन थाल्छन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलमा नयाँ चुनाव र बन्धक फिर्ता गर्न माग गर्दै विरोध प्रदर्शन

तेल अविव, ९ असार/एएनआई

इजरायलमा नयाँ चुनाव र गाजाका बन्धकलाई फिर्ता गर्न आह्वान गर्दै शनिवार राति हजारौं आन्दोलनकारीले देशको विभिन्न भागमा सरकारविरोधी प्रदर्शन गरेको 'द टाइम्स अफ इजरायल' ले जनाएको छ।


इजरायलका प्रसिद्ध लेखक डेभिड ग्रसम्यान, इजरायली जनतालाई कवितामार्फत सडक भरिनेगरी प्रदर्शन गर्न आह्वान गर्दै। फोटोः रायटर्स

सत्तारूढ लिकुड पार्टीको मुख्यालय रहेको बेइट जबोटिन्स्की बाहिर किङ जर्ज स्ट्रीटमा इजरायली नागरिकले विरोध प्रदर्शन गरेका हुन्। केही प्रदर्शनकारी जतिसक्दो छिट्टै निर्वाचन गर्नुपर्ने र गाजामा लडाइँ अन्त्य गर्न आह्वान गर्दै प्रदर्शनमा भाग लिएका थिए।

मुख्य र्‍याली समाप्त भएपछि प्रदर्शनकारीले टायर जलाएर सडक अवरुद्ध गरेका थिए। द टाइम्स अफ इजरायलले रिपोर्ट गरे अनुसार भीडलाई नियन्त्रण र सडक खाली गर्ने क्रममा तैनाथ प्रहरीले तीनजना प्रदर्शनकारीलाई पक्राउ गरेको थियो।

यसैबीच, हजारौं व्यक्तिले आजजा स्ट्रीटमा रहेको इजरायली प्रधानमन्त्री नेतान्याहुको निवास बाहिर पनि विरोध प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीले हमासद्वारा बन्धक बनाइएका परिवारका सदस्यको नेतृत्वमा तत्काल सम्झौता र चाँडै चुनावको माग गर्दै किङ जर्ज स्ट्रीटमा पदयात्रा गरे। प्रदर्शनकारीले नेतान्याहुको सरकारले हेजबुल्लाह गोलीकाण्डका कारण आठ महीनाभन्दा बढी समयदेखि विस्थापित भएका इजरायलको सङ्कटग्रस्त उत्तरी समुदायका करीब ६० हजार बासिन्दालाई बेवास्ता गरेको आरोप लगाएका छन्।

'होस्टेज एन्ड मिसिङ फेमिलिज फोरम'ले देशभरि र्‍याली आयोजना गरेको छ। उनीहरूले नोभेम्बरमा हमासले कैदबाट रिहा गरेका बन्धकहरूको सम्बोधन गर्न पनि आग्रह गरेका छन्। अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका ११६ जना गाजामा छन्, तिनीहरू सबै जीवित छैनन् भन्ने विश्वास गरिन्छ।

युद्धको स्थायी अन्त्य गर्ने ढाँचाभित्र मात्र बन्धकहरूलाई रिहा गर्ने हमासको मागलाई इजरायलले अस्वीकार गर्दै आएको छ।

यसैबीच, बन्धक नामा लेवीको २०औं जन्मदिन मनाउन तेल अविवमा हजारौं मानिसले र्‍याली निकालेका छन्। नामा लेवीका बुबा, योनी लेवीले भने–"उनी यहाँ आफ्नो परिवारसँग, आफ्ना साथीहरूसँग हुनु आवश्यक छ।" नाहल ओज सैन्य आधारबाट नामालाई अपहरण गरेपछि उनी हमासको एउटा भिडियो टेलिग्राममा देखा परेका थिए।

भिडियोमा उनको हात बाँधिएको र प्यान्ट रगत र मैलोले ढाकिएको थियो।

हमास लडाकूले दक्षिणी इजरायलमा आक्रमण गरी करीब १,२०० जनाको हत्या गरी २५१ जना बन्धक बनाएपछि अक्टोबर ७ मा शुरू भएको युद्धलाई सरकारले नियन्त्रण गरेको भन्दै विरोधमा प्रदर्शनकारीहरूले हरेक शनिवार राति महीनौंदेखि विरोध प्रदर्शन गर्दै आएका छन्। रासस

## दक्षिणी मेक्सिकोका साताभित्र दुईजना नगरप्रमुखको हत्या

चिल्पानसिनगो, ९ असार/एएफपी

दक्षिणी मेक्सिकोका एकजना नगरप्रमुखको हत्या भएको एक हप्ताभन्दा कम समयमा अर्का नगरप्रमुखको पनि हत्या भएको स्थानीय अधिकारीले शनिवार बताएका छन्।

गत जून २ मा गुएरेरो राज्यका अर्का मेयर साल्भाडोर भिल्लाबा फ्लोरेसको हत्या भएको केही दिनपछि मालिनाल्टेपेकबाट प्रतिनिधित्व गर्ने अकासियो फ्लोरेसको हत्या भएको हो।

मालिनाल्टेपेकमा एउटा भ्यानको पछाडि टाउकोको पछाडि भागमा गोली लागेको अवस्थामा फ्लोरेसको शव फेला परेको एकजना मानव अधिकार अभियानकर्मीले एएफपीलाई बताए।

आदिवासी समुदायमा गएका समय बिहीवार पक्राउ परेपछि अधिकारकर्मी ती नेतालाई रिहा गराउन वार्तामा जुटेका थिए।

गुरेरोका सरकारी अभियोजकले हत्याको अनुसन्धान शुरू गरिएको र सम्भावित जग्गाको स्वामित्व विवादलाई पनि अनुसन्धानको हिस्सा बनाइएको बताएका छन्।

गत सेप्टेम्बरमा मेक्सिकोको चुनावी अभियान शुरू भएयता करीब ३० जना राजनीतिक उम्मेदवारको हत्या भइसकेको गैरसरकारी संस्था डाटा सिभिकाले जनाएको छ।

मेक्सिकोको प्रशान्त महासागरीय तटमा रहेको लागूऔषध ओसारपसार र हिंसाबाट सबैभन्दा बढी प्रभावित राज्यमध्ये एक गुरेरोमा सन् २०२३ मा १,८९० जनाको हत्या भएको थियो। रासस

## अफगानिस्तानमा शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्न भारत प्रतिबद्ध

न्युयोर्क, ९ असार/एएनआई

भारतको उद्देश्य अफगानिस्तानका जनताका लागि दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु रहेको संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का उपस्थायी प्रतिनिधि राजदूत आर रवीन्द्रले बताएका छन्।

परिषद्को बैठकमा राजदूत आर रवीन्द्रले भने–"विशेषगरी हालैका घटनाक्रमबारे एसआरएसजी मुथुन बायवाले दिएको जानकारीको हामी कदर गर्छौं। अफगानी मानव अधिकार सङ्गठन (होचा) र नागरिक समाजका प्रतिनिधिद्वारा प्रदान गरिएको अन्तर्दृष्टि पनि धेरै उपयोगी थिए। भारत अफगानिस्तानको नजीकको छिमेकी हो। अफगानिस्तानका जनतासँग भारतको ऐतिहासिक र सभ्यताको सम्बन्ध छ।"

"हाम्रो उद्देश्य अफगानिस्तानको दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु हो"–उनले बताए।

यसबाहेक राजदूत आर रवीन्द्रले अन्तर्राष्ट्रिय समुदायले अफगानिस्तानलाई प्रमुख प्राथमिकतामा राख्न जोड दिएको बताए। "अफगानिस्तानप्रति अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोण सकारात्मक बनाउन जारी राख्नुपर्छ। हाम्रो साझा प्राथमिकतामा आतङ्कवादको प्रतिरोध गर्ने, समावेशी शासन ल्याउने, महिला, बालबालिका र अल्पसङ्ख्यकको अधिकार र हित रक्षा गर्ने, लागूऔषध प्रतिरोध गर्ने र देशका जनताको हितका लागि मानवीय सहयोगलाई प्राथमिकता दिने कुरा समावेश छ"–राजदूत आर रवीन्द्रले बताए। "विकास र मानवीय सहायतामा भारत धेरै वर्षदेखि अफगानिस्तानको भरपर्दो साझेदार रहिआएको छ"–उनले भने।

अफगानी जनताका लागि भारतको प्रयासमाथि प्रकाश पार्दै आर रवीन्द्रले भने–"भारतले अफगानिस्तानमा ५० हजार मेट्रिक टन गहुँ, २५० टन चिकित्सा सहायता र २२५ टन भूकम्प राहत सहायतासहित मानवीय सहायता प्रदान गरेको छ। साथै ६०० अफगानी बालिकासहित चार हजारभन्दा बढी विद्यार्थीका लागि शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ।"

राजदूत आर रवीन्द्रले ऊर्जा, पानी आपूर्ति, सडक सम्पर्क, स्वास्थ्य सेवा, शिक्षा, कृषि र क्षमता निर्माणमा केन्द्रित सबै ३४ प्रान्तमा ५०० भन्दा बढी विकास परियोजनालाई भारतले सहयोग गरेको बताए।

राजदूत आर रवीन्द्रले इरानको चाबहार बन्दरगाहमार्फत भारत र अफगानिस्तानले आफ्नो व्यापार जारी राखेको उल्लेख गर्दै यो बन्दरगाह विकास गर्ने हालैको सम्झौताले अफगानिस्तानका लागि कनेक्टिभिटी हब बनाउने भारतको प्रतिबद्धता देखाउँछ।

"हामी अफगानिस्तानका जनताप्रति हाम्रो अटुट प्रतिबद्धता दोहोर्‍याउँछौं। अफगानी समाजलाई सहयोग गर्न हरेक पहलमा भारतले पूर्ण सहयोग जारी राख्नेछ"–उनले भने। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**चामेबजारः** हिमालपारिको जिल्ला मनाङको सदरमुकाम चामेबजार। चामे हुँदै अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रा गर्न सकिन्छ। तस्बिरः रामबहादुर थापा/रासस

## हाउस किपिङ तालीम सम्पन्न

प्रस, वीरगंज, ९ असार/

होटल एशोसिएशन नेपालको इन्स्योर परियोजना अन्तर्गत आइतवार वीरगंजमा ४८ घण्टे हाउस किपिङ तालीम सम्पन्न भएको छ।

समापन कार्यक्रममा होटल सङ्घ नेपालका महासचिव साजन शाक्यले हाउस किपिङ तालीम अहिलेको आवश्यकता रहेको बताए। उनले सीप सिकेपछि रोजगार पाउने र विदेश जाँदा अरूको तुलनामा राम्रो काम र पारिश्रमिक पाइने बताए।



तस्वीरः प्रतीक

होटल सङ्घ नेपाल मधेस प्रदेशका उपाध्यक्ष मोहन प्रधानले होटलहरूमा आवश्यक जनशक्तिको परिपूर्ति गर्नुका साथै युवालाई सीप सिकाएर रोजगार प्रदान गर्ने अभिप्रायले तालीम आयोजना गरिएको बताए। उनले तालीमले युवालाई रोजगार प्रदान गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे। होटल व्यवसायी एवं समाजसेवी पशुपति विक्रम शाहको अध्यक्षतामा भएको कार्यक्रममा हेल्भेटास मधेस प्रदेशका संयोजक भरत सहनी, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्कालगायतले मन्तव्य व्यक्त गरेका थिए। तालीममा सहभागीहरूलाई बृज सर्राफले प्रशिक्षण दिएका थिए।

## नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाडौं, ९ असार/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। आज नेप्से परिसूचक पाँच दशमलव ३७ अङ्कले घटेर दुई हजार ६२ दशमलव ९४ को बिन्दुमा कायम भएको हो।

आज ३१७ कम्पनीका ९५ लाख ६१ हजार ७२७ कित्ता शेयर ६१ हजार ५१३ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ३७ करोड ४५ लाख ९७ हजार ४५८ बराबरको कारोबार भएको छ। आज वित्त समूह पाँच दशमलव ४९ र अन्य समूह शून्य दशमलव २५ प्रतिशतले बढेका छन् भने अरू सबै समूहको उपसूचक घटेका छन्। सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव २३ र होटल तथा पर्यटन समूह एक दशमलव १० प्रतिशतल घटेका छन्।

रिलायन्स फाइनान्स लिमिटेड, गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड र नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५८ र सनराइज ब्लुचिप फन्डको शेयर मूल्य पाँच दशमलव २४ प्रतिशतले घटेका छन्।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेडको रु १७ करोड १३ लाख ५२ हजार ३९१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै रिलायन्स फाइनान्स लिमिटेडको तीन लाख नौ हजार ४४३ कित्ता शेयर किनबेच भएका छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यभय |
| मिथुन – रोगभय | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुपराजय | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – मित्रमिलन |
| धनु – धनक्षति | मकर – भाग्योदय |
| कुम्भ – खर्चवृद्धि | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**नारायणी अस्पताल**
वीरगंज, पर्सा

**स्तनपान परामर्शकर्ता (Breastfeeding Counsellor) करार सेवामा लिनेसम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०८१/०३/१०

यस अस्पतालमा स्तनपान परामर्श कार्यक्रमको लागि देहायबमोजिमका स्तनपान परामर्शकर्ताको रूपमा देहायको सङ्ख्या र योग्यता भएका कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र कार्यालय समयमा दरखास्त दिनुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरूसहितको विस्तृत विवरण अस्पताल प्रशासनबाट उपलब्ध हुनेछ।

**न्यूनतम शैक्षिक योग्यता र अनुभवः–**

१. आवश्यक माग सङ्ख्याः – दुई (२)
२. नेपाली नागरिक हुनुपर्ने।
३. न्यूनतम शैक्षिक योग्यताः– नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको।
४. उमेरः – पैतालीस (४५) वर्ष ननाघेको।
५. नेपाल नर्सिङ परिषद्मा दर्ता भएको (स्टाफ नर्स)।
६. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको।
७. दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरूः –
   क. उम्मेदवारको व्यक्तिगत विवरण।
   ख. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरू।
   ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   घ. नेपालको प्रचलित कानूनबमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि।

नोटः– दरखास्त फाराम साथ पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।
छनोट शैक्षिक योग्यता, स्थानीयता र अन्तर्वार्ताको आधारमा गरिनेछ।

**निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

# बालविवाहविरुद्ध सडकनाटक

प्रस, वीरगंज, ९ असार/

धोबिनी गाउँपालिकाको सहयोग तथा गुणस्तरीय प्रविधि शिक्षा सीपमूलक तालीम केन्द्रको आयोजनामा आइतवार लङ्डीमा बालविवाहविरुद्ध सडक नाटक सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

बालविवाहले समाजमा पार्ने नकारात्मक असर, सोको कानूनी उपचारबारे सडक नाटकको माध्यमद्वारा सर्वसाधारणलाई जानकारी गराइएको थियो। वडाध्यक्ष अब्बास मियाँ चुडिहारले विगतभन्दा बालविवाह गर्ने परिपाटी केही हदसम्म नियन्त्रण भएको बताए।

उनले लुकीछिपी केही परिवारले बालविवाह गरे पनि अहिले यसबारेमा समाज सचेत भएकोले खुलेआम हुन बन्द भएको बताए। बालविवाहविरुद्ध समाज जागरूक भएको र विद्यार्थीदेखि विभिन्न संस्थाहरू रोकथाममा सक्रिय भएकाले सोको परिणाम समाजमा देख्न पाएको बताए। उनले छोरीलाई चाँडो बिहे गरेर ढुक्क हुने समाजका अभिभावकहरू पछिल्लो समयमा सचेत भएका र अब यस्तो काम नगर्ने दाबी गरे।

कार्यक्रममा वडासदस्य कमल ठाकुर, मैना देवी, मदन सहनी, कार्यपालिका सदस्य दिनेश कलवारलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## टी-२० विश्वकपः भारतद्वारा बङ्गलादेश पराजित

काठमाडौं, ९ असार/रासस

आइसिसी टी-२० विश्वकप क्रिकेट २०२४ अन्तर्गत गएराति सम्पन्न खेलमा भारतले बङ्गलादेशमाथि ५० रनको जीत



हासिल गरेको छ।

एन्टिगुवामा भएको खेलमा भारतले दिएको १९७ रनको विशाल लक्ष्य पछ्याएको बङ्गलादेश निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १४६ रनमा समेटियो। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बङ्गलादेशका कप्तान नाज्मुल हसन शान्टोले ३२ बलमा एक चौका र तीन छक्कासहित सर्वाधिक ४० रन बनाए भने तान्जिद हसनले २९ तथा रिषाद होसेनले २४ रन जोडे।

भारतका लागि कुलदीप यादवले तीन तथा अर्शदीप सिंह र जसप्रीत बुमराहले समान दुई/दुई विकेट लिए। हार्दिक पाण्ड्याले एक विकेट लिए।

त्यस अघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १९६ रन बनाएको थियो। भारतका लागि हार्दिक पाण्ड्याले २७ बलमा चार चौका र तीन छक्कासहित सर्वाधिक ५० रन बनाए। त्यसैगरी, विराट कोहलीले ३७, ऋषभ पन्तले ३६, शिवम दुबेले ३४ तथा कप्तान रोहित शर्माले २३ रन जोडे।

बङ्गलादेशका तान्जिम हसन शकिब र रिषाद हुसेनले समान दुई/दुई विकेट लिए भने शाकिब अल हसनले एक विकेट लिएका थिए।

# एक हजार किलो सुपारी बरामद

प्रस, रौतहट, ९ असार।

जिल्ला प्रहरी कार्यालय, रौतहटले



साढे आठ लाख मूल्य बराबरको सुपारी बरामद गरेको छ।

शनिवार राति १२:३० बजे चन्द्रपुर नगरपालिका-१ पौराईमा प्रदेश १-०१-००१ ख ४२९३ नम्बरको बसको डिक्कीबाट करीब एक हजार किलोग्राम सुपारी बेवारिसे अवस्थामा बरामद भएको जिप्रका, रौतहटकी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन्।

बरामद सुपारीबारे बसमा यात्रीसँग सोधपूछ गर्दा कसैले हकदाबी नगरेपछि राजस्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको प्रवक्ता गिरीले बताइन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

### गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विद्यार्थीहरूलाई लागूऔषधबारे सचेतना

नितेश कर्ण, वीरगंज, ९ असार/

सामुदायिक प्रहरी सेवा केन्द्र कुम्हालटोलको आयोजनामा सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आइतवार कञ्चनजङ्घा बोर्डिङ स्कूलमा लागूपदार्थ दुर्व्यसन तथा ओसारपोसारसम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

जिल्ला प्रहरी कार्यालय, पर्साका वरिष्ठ प्रहरी नायब निरीक्षक टेकबहादुर कार्कीले लागूपदार्थबाट जोगिनका लागि विद्यार्थीहरूले अपनाउनुपर्ने सचेतताबारेमा जानकारी गराएका थिए।

उनले लागूऔषधको कुलतमा खासगरी विद्यार्थीहरू पर्ने गरेकाले यसबारेमा सजग रहन आग्रह गरे। उनले लागूऔषध नियन्त्रणमा विद्यार्थीहरूको भूमिका प्रभावकारी हुने भएकोले यसबारेमा प्रहरीलाई सूचना दिएर मदत गर्न सक्ने बताए।

सामुदायिक सेवा केन्द्र कुम्हालटोलका अध्यक्ष रमेश चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका निर्देशक मार्टिन मोक्तान, प्रधानाध्यापक वसन्त बुढाथोकी, सेवा केन्द्रका सियाराम नेपाली, सञ्जु दाहाल, मुन्ना दाहाल, भवानी पौडेल, कुमार विक, अमित यादव, दिलीप कोइरीलगायतको सहभागिता थियो।

# तेस्रो लिङ्गीहरूले गौरव महीना मनाए

प्रस, परवानीपुर, ९ असार/

तेस्रो तेस्रो लिङ्गीहरूले वीरगंजमा आइतवार जून महिनामा मनाइने गौरव महीना मनाएका छन्। वीरगंजमा विविध कार्यक्रम आयोजना गरी गौरव महीना मनाइएको हो।

वीरगंजमा ऱ्याली एवं साङ्गीतिक कार्यक्रम गर्दै गौरव महीना (प्राइड मन्थ) मनाइएको सहयात्री समाज वीरगंजका कार्यक्रम संयोजक सुरज लिम्बूले बताए।

सन् १९६९ मा अमेरिकामा यौन अल्पसङ्ख्यक समाजले विकृति फैलाएको भन्दै थुनामा परेपछि त्यसको विश्वभरि तेस्रो लिङ्गीहरूले विरोध गरेपछि नियन्त्रणमा परेका तेस्रो लिङ्गीहरू रिहा भएका थिए।

सोही दिनको सम्झनामा विश्वभरि जून महीनालाई गौरवको महीनाको रूपमा विविध कार्यक्रम गर्दै यो दिवस मनाउने चलन स्थापित भएको हो। साँझ ५ बजे ब्रह्मचोक मुर्लीबाट बाजागाजासहित निस्केको ऱ्याली बजार नगरपरिक्रमा गर्दै वीरगंजको घण्टाघरस्थित विपी पार्कमा कोणसभामा परिणत भएको थियो।

समाज पर्साका कार्यक्रम संयोजक लिम्बूको अध्यक्षता एवं प्राविधिक सहायक जटाशङ्कर साहको सहजीकरणमा सम्पन्न कार्यक्रममा सहयात्री समाज हेटौंडाकी कार्यक्रम संयोजक किरण थापा, बाराकी कार्यक्रम संयोजक पूर्णिमा श्रेष्ठ, रौतहटकी कार्यक्रम संयोजक जीना तामाङलगायतले मन्तव्य व्यक्त गरेका थिए।

सहयात्री समाजमा हाल पाँच सय तेस्रो लिङ्गी आबद्ध छन्।

यो संस्थाले समाजमा एचआइभी सङ्क्रमण एवं सुरक्षित यौन सम्पर्कको क्षेत्रमा समेत जनचेतनामूलक कार्यक्रम


तस्वीरः प्रतीक

आयोजना गर्दै आएको छ। साथै यौन अल्पसङ्ख्यकको हकअधिकार सुनिश्चित गराउन पनि यो संस्थाले प्रयास गर्दै आएको छ।

# औद्योगिक कोरिडोरमा केमिकलयुक्त वारुणयन्त्र राख्न माग

प्रस, वीरगंज, ९ असार/

वीरगंज उद्योग वाणिज्य सङ्घका



तस्वीरः सौजन्य

अध्यक्ष अनिल अग्रवालले पर्सा-बारा औद्योगिक कोरिडोरमा केमिकलयुक्त वारुणयन्त्र राख्नुपर्ने माग गरेका छन्।

वीउवासङ्घले आइतवार मधेस प्रदेशका सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीसँग छलफल गर्दै औद्योगिक कोरिडोरको सुरक्षाको लागि औद्योगिक सुरक्षा बल पुनः स्थापना गर्नुपर्ने माग गरेको छ। अध्यक्ष अग्रवालले वीरगंज उद्योग वाणिज्य सङ्घ सदैव वैध व्यापारको प्रवर्द्धन र अवैध व्यापारलाई निरुत्साहित गर्नुपर्ने संस्थागत मान्यतामा रहेको बताए। अन्तरसरकारी निकायहरूबीच समन्वय नहुँदा निजी क्षेत्रले समस्या बेहोर्नुपरिरहेको बताउँदै उनले सशस्त्र प्रहरी र अन्य नियामक निकायबीच आपसी सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिए।

सप्रनामनि धौवजीले सीमा क्षेत्रलाई व्यवस्थित र अवैध व्यापार नियन्त्रणमा सशस्त्र प्रहरीको भूमिका प्रभावकारी बनाउने बताए। उनले धेरैजसो विषय नीतिगतरूपमा परिमार्जन र संशोधन गर्नुपर्ने भए तापनि दैनिक कार्यसम्पादनलाई नागरिकमैत्री बनाउन सशस्त्र प्रहरीले जोड दिएको बताए। सप्रनामनि धौवजीले सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइने बताए। उनले राजस्व वृद्धिका लागि अवैध व्यापार नियन्त्रण गर्नेलगायतका कार्य हाम्रो प्राथमिकतामा रहेको बताए।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, सङ्घका उपाध्यक्षद्वय माधव राजपाल र मनोजकुमार दास, कोषाध्यक्ष शिवजीप्रसाद कलवार, सचिव प्रेमचन्द्र गोयल, सहकोषाध्यक्ष अनोज रूँगटाललगायतको सहभागिता थियो। कार्यक्रममा धन्यवाद सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले दिएका थिए।

